का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २८१
❒ १९ मंसिर २०७८, आइतबार
❒ 5 December 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।




# कमजोर बार आन्दोलन

गोला प्रथा लागू भएपछि न्यायाधीशहरुले धमाधम इजालसमा सुनुवाइ शुरु गरेसँगै नेपाल बार एसोसिएसनको आन्दोलन कमजोर बन्दै गएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ मंसिर

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध करिब डेढ महिना अघिदेखि सर्वोच्च अदालतमा निरन्तर विरोध प्रदर्शन गर्दै आएको नेपाल बार एसोसिएसनको आन्दोलन कमजोर बन्दै गएको छ। शुरुका दिनमा उग्र रुप लिएको बारको आन्दोलन डेढ महिना बित्दा कमजोर बन्दै गएको हो।

प्रधानन्यायाधीशले राजीनामा दिनुपर्ने माग राख्दै आन्दोलनमा उत्रिएका कानून व्यवसायीहरुलाई शुरुका दिनहरुमा न्यायाधीशहरुले पनि समर्थन गरेका थिए। न्यायाधीशहरुले पनि प्रधानन्यायाधीश जबराले तोकेका इजलास बहिष्कार गर्दै राजीनामा माग गरेका थिए। न्यायाधीशहरुको साथ पाउँदा नेपाल बारको आन्दोलन देशव्यापीरुपमा फैलिएको थियो। तर अहिले न्यायाधीशहरुले धमाधम इजालसमा सुनुवाइ शुरु गरेपछि नेपाल बारको आन्दोलन मत्थर बन्दै गएको हो।

प्रधानन्यायाधीशले राजीनामा दिनुपर्ने अडानमा रहेका सबै न्यायाधीशहरु गोला प्रथाबाट पेशी तोकिने भएपछि इजलास फर्किसकेका छन् भने पहिले जसरी नै सुनुवाइ पनि शुरु भइसकेको छ। शुरुमा प्रधानन्यायाधीशको राजीनामा माग्ने न्यायाधीशहरु गोला प्रथा लागू गराउँदै आफ्नो स्वार्थ पूरा भएपछि राजीनामाको मुद्दाबाट पछि हटेको कतिपय व्यवसायीहरुको गुनासो छ। गोला प्रथा लागू भएपछि प्रधानन्यायाधीशको राजीनामाको मुद्दा नै हटाएर आफ्नो स्वार्थमा न्यायाधीहरु रुमलिएको नाम नबताउने शर्तमा एक कानून व्यवसायी बताउँछन्।

यता नेपाल बारले भने प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म आफ्नो आन्दोलन जारी रहने बताउँदै आएको छ। प्रधानन्यायाधीशले नछाडेसम्म अदालत शुद्धिकरण नहुने अडानमा कानून व्यवसायीहरु छन्। तर पहिलेको तुलनामा अहिले कानून व्यवसायीहरु समेत प्रधानन्यायधीशविरुद्धको नेपाल बारको धर्नामा जान छाडिसकेका छन्। दिनप्रति दिन धर्नामा पुग्ने कानून व्यवसायीहरुको संख्या घट्दै गएपछि नेपाल बारको आन्दोलन झनै कमजोर पर्ने आंकलन गरिएको छ।

कोभिड संक्रमणपछि उपचारका लागि अस्पतालको शय्यामा रहेका प्रधानन्यायाधीश जबराले कायममुकायम नदिएर संवैधानिक प्रक्रियाबाहेकका अन्य अस्त्रबाट आफू नतर्सने सन्देश दिइसकेका छन्। संवैधानिक व्यवस्थाअनुसार प्रधानन्यायाधीश हटाउन संसदमा दुई तिहाइको म्याण्डेट चाहिन्छ। तर सत्ता गठबन्धनका दलहरु प्रधानन्यायाधीशलाई हटाउने विषयमा एकमत छैनन्। साथै अन्य राजनीतिक दलहरुले पनि प्रधानन्यायाधीश प्रकरणमा स्पष्ट धारणा सार्वजनिक गरेका छैनन्। यसरी हेर्दा प्रधानन्यायाधीश जबरालाई महाभियोग लगाएर निकाल्न पनि तत्काल सम्भव देखिँदैन।

यस्तो अवस्थामा निरन्तर दबाब दिँदै आएको नेपाल बारको आन्दोलन पनि कमजोर हुँदै गएपछि करिब डेढ महिनासम्म भएको आन्दोलनको नै औचित्य नरहने देखिएको छ। साथै उक्त समयमा न्यायका लागि सर्वोच्च पुगेका सेवाग्राहीहरु मात्र प्रत्यक्ष असरमा परेको देखिन्छ। सर्वोच्चभित्रको लडाईंले आखिरमा जनता मात्रै मारमा परेको यथार्थ नकार्न सकिँदैन।

## ओमिक्रोन भेरियन्ट

# सीमामा सतर्कता बढाउन सुझाव




दक्षिण अफ्रिका भएर फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको रोकथामका निम्ति सरकारले अत्यावश्यक बाहेक विदेश भ्रमण नगर्न आग्रह गरेको छ । तर छिमेकी भारतमा संक्रमण देखिएकाले सीमामा उच्च सर्तकर्ता अपनाउन विज्ञहरुको सुझाव छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ मंसिर

दक्षिण अफ्रिका भएर फैलिएको कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोन दक्षिण छिमेक भारतमा समेत देखिएको छ। ओमिक्रोन संक्रमण भारतमा देखिएकाले आवश्यक सतर्कता अपनाउन विज्ञहरुले सुझाव दिएका छन्। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा. शेरबहादुर पुन भारतमा संक्रमण देखिएकाले रोकथामको आवश्यक तयारी गर्नुपर्ने बताउँछन्।

त्रसित हुने भन्दा पनि आवश्यक तयारी गर्नुपर्ने उनको तर्क छ। "भारतमा यो संक्रमण फैलियो भने नेपालमा कुन नाकाबाट भित्रन्छन् भन्ने प्रष्ट हुँदैन । त्यसैले आवश्यक तयारी आवश्यक छ", पुन भन्छन् । सरकारले तेस्रो मुलुकबाट आउने नागरिकमा कडाइ गरेपनि स्थलगत सीमानाकाबारे केही निर्णय गरेको छैन । तर जनस्वास्थ्य विद्हरु भने आवश्यक तयारीमा ढिलाइ गर्न नहुने बताउँछन्।

यसअघि पनि नेपालले आवश्यक तयारी नगर्दा समुदाय तहमा संक्रमण फैलिएको थियो। यसपटक त्यस्तो गल्ती नगर्न सरोकारवालाहरु बताउँछन् । सरकारले भने नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण देखिएको अफ्रिका सहितका ९ मुलुकबाट आउने यात्रुलाई रोक लगाएको छ। शनिबारबाटै नेपाल प्रवेशमा अनुमति नदिने निर्णय सरकारले गरेको हो ।

गएको १३ मंसिरको मन्त्रिपरिषद् बैठकले दक्षिण अफ्रिका, बोत्सवाना, जिम्वाब्वे, नामिवीया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउनेलाई प्रवेश अनुमति नदिने निर्णय गरेको थियो । भारतमा शुक्रबार मात्र ओमिक्रोन भेरियन्ट फेला परेको जनाइएको छ।

सरकारले दैनिक दुई लाख जनालाई कोरोना भाइरस विरुद्धको खोप लगाउने गरी तयारी गरेको छ। यससम्बन्धी तयारी पूरा गरेको सरकारले जनाएको छ। यसका लागि आवश्यक खोप, खोपकेन्द्र र जनशक्तिको व्यवस्था गरिसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयले विदेशबाट नियमित खोप आउन थालेपछि खोप बाँकी पृष्ठ २ मा

# ओमिक्रोन भेरियन्टका कारण मलेसियाबाट ३४ नेपाली फर्काइए

## अन्यत्र पनि उच्च सतर्कता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर

नेपालबाट मलेसिया हुँदै जापान जानका निम्ति क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा ट्रान्जिट बनाएका ३४ नेपाली फर्काइएका छन् । जापानले कोभिडको ओमिक्रोन भेरियन्ट देखिएपछि अन्तर्राष्ट्रिय उडानमा कडाइ गरेको थियो। उडान सम्बन्धी नियमहरुमा परिवर्तन गरिएको कारण जापान जान रोकिएका ३६ नेपालीमध्ये ३४ जना नेपाल फर्किएको र २ जना मलेसियास्थित नेपाली दूतावासको पहलमा जापान जान पाएका छन्।

नेपाल फर्काइएकाहरु हिमालय एयरलाइन्स र मालिन्दो एयरलाइन्सबाट काठमाडौं आइपुग्ने श्रम सहचारी प्रकाश पन्थीले बताए । मलेसियास्थित नेपाली दूतावासले मलेसिया ट्रान्जिट भई यात्रा गर्ने सबैलाई गन्तव्य मुलुकमा प्रवेश सम्बन्धी सम्पूर्ण कागजात तथा पछिल्लो नियमहरुको जानकारी राखेर मात्र यात्रा गर्न र मलेसिया ट्रान्जिटका क्रममा केही समस्या भएमा दूतावासको हटलाइनमा सम्पर्क गर्न आग्रह गरेको छ।

दक्षिण अफ्रिका हुँदै कोभिड-१९ को ओमिक्रोन भेरियन्ट संसारका विभिन्न मुलुकहरुमा फैलँदै गएको छ। हालसम्म नेपाली कामदार कार्यरत मलेसिया, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स लगायतका मुलुकहरुमा नयाँ भेरियन्टको संक्रमित फेला परेपछि यात्रामा उच्च सतर्कता अपनाइएको छ। मलेसियाले २६ मुलुक र यूएईले ७ वटा देशबाट आउन बन्देज लगाएको छ।

### वैदेशिक रोजगार विशेष

# सुधारको क्रम शुरु भएको मन्त्री श्रेष्ठको दाबी

**तनहुँ/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले श्रम तथा रोजगार क्षेत्रमा भएका अनियमितताको सुधारको काम शुरु भइसकेको बताएका छन्। नेकपा (एकीकृत समाजवादी) भानु नगर कमिटी र शुक्लागण्डकी-३ को वडा कार्यालय भवनको शनिबार शुभारम्भका क्रममा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन्।

वैदेशिक रोजगारीमा जाने अधिकांश युवा युवती अदक्ष अवस्थामा गइरहेको भन्दै मन्त्री श्रेष्ठले उनीहरुलाई दक्ष बनाउन तालिम केन्द्र स्थापना गर्ने लक्ष्य लिइएको जानकारी दिए। सीप र क्षमताका आधारमा सबै युवालाई बाँकी पृष्ठ २ मा

## थापा–लिङ्देन प्रतिस्पर्धा

# जितमा आ–आफ्नै दाबी




**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नयाँ नेतृत्व चयनका लागि शनिबार मतदान भएको छ । काठमाडौँको भृकुटीमण्डपमा जारी एकता महाधिवेशन अन्तर्गत शनिबार नयाँ नेतृत्व चयनका लागि मतदान भएको हो । शनिबार बिहान ८ बजेबाट शुरु हुने भनिएको मतदान चार घण्टा ढिलो गरी दिउँसो १२ बजेबाट शुरु भएको थियो। मतदातालाई चुस्त ढंगले मतदान गराउने व्यवस्था मिलाउँदा मतदानमा ढिलाइ भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। मतदानका लागि ८६ वटा विद्युतीय मेसिन र अध्यक्ष पदका उम्मेदवारको हकमा मत-पत्रको व्यवस्था गरिएको थियो।

राप्रपाको अध्यक्षमा उम्मेदवारी दिएका अध्यक्ष कमल थापाले आफ्नो जीत सुनिश्चित भएको बताएका छन्। उनले पार्टी भित्र नेतृत्वका लागि भएको प्रतिस्पर्धाले पार्टीलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

उनले पार्टीको आन्तरिक मामिलामा दरबारका सचिवहरुले हस्तक्षेप गरेको आभाष मिलेको बताए। विगतमा पार्टी फुटाउन दरबारका सचिवहरु लाग्दा आफूले प्रतिबाद गरेको भन्दै थापाले आन्तरिक मामिलामा हस्तक्षेप नगर्न सचिवहरुलाई सचेत गराए। हावा नचली पात नहल्लिने भन्दै उनले यदी त्यस्तो भए राजसंस्था फर्काउने अभियान प्रत्युत्पादक हुने चेतावनी दिए।

अध्यक्षका अर्का प्रत्यासी राजेन्द्र लिङ्देनले पार्टीको एजेन्डालाई जनताको बीचमा लैजाने काममा विगतका नेतृत्वले कमजोरी गरेकाले त्यसलाई सच्याउन आफूले उम्मेदवारी दिएको बताए। उनले महाधिवेशनबाट पार्टीमा फुट आउने अवस्था अन्त्य भएर जाने दाबी समेत गरे।

महाधिवेशनमा ४ हजार ३८० प्रतिनिधिले सहभागिता जनाएका थिए। १४१ जना केन्द्रीय सदस्यका लागि २७० जनाको उम्मेदवारी परेको थियो । राप्रपाको १ सय ९९ कार्य समितिमध्ये अध्यक्षसहित १४९ सदस्य निर्वाचित हुनेछन् भने बाँकी ५० जना अध्यक्षले मनोनित गर्ने वैधानिक व्यवस्था छ । ८ सदस्यीय बाँकी पृष्ठ २ मा

**Vacancy Announcement**

A leading foreign recruitment agency is seeking the following position urgently.

**Receptionist - 2 (Female)**
Preferable with job experience in related field of manpower.

SALARY - NEGOTIABLE

**Silver Corner International Pvt.Ltd**
एकता टोल, सिनामंगल-९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोन: ४४८९९५०, ४४९१८६९
Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com
Mobile: 9851096200

# जानकी मन्दिर छिट्टै विश्व सम्पदा सूचीमा सूचिकृत हुन्छः मन्त्री आले

**काठमाडौं/मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले ऐतिहासिक जानकी मन्दिरलाई छिट्टै विश्व सम्पदा सूचीमा सूचिकृत गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मिथिला संस्कृति समाज नेपालले शनिबार काठमाडौंमा आयोजना गरेको श्रीराम जानकी विवाहोत्सव-२०७८ तथा श्रष्टा सम्मान एवं विचार गोष्ठी कार्यक्रममा प्रमुख अतिथिको आसनबाट मन्त्री आलेले यस्तो आश्वासन दिएका हुन् ।

'सभ्यताको हिसावले मिथिला सभ्यता धेरै धनी रहेको छ । पशुपतिनाथभन्दा धेरै पूरानो रहेको जानकी मन्दिर हो,' उनले भने, 'म पर्यटन, संस्कृति तथा नागरिक उड्डयनमन्त्रीको हैसियतले अब छिट्टै नै जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा राख्नका लागि आफ्नो तर्फबाट भरपूर कोशिस गरेर जुनसुकै हालतमा पनि राख्न लाग्नेछु ।'

मन्त्री आलेले नेपालकै सबभन्दा ऐतिहासिक र धार्मिक आस्था बोकेको जनकपुरधामको जानकी मन्दिरलाई आफ्नै कार्यकालमा विश्व सम्पदा सूचिमा राख्न विशेष पहल गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।



'श्रीराम जानकी विवाहोत्सवको अवसरमा सम्पूर्ण मिथिलावासीमा शुभकामना व्यक्त गर्न चाहन्छु,' मन्त्री आले भने, ' मिथिला सभ्यता भनेको हजारौं वर्ष पूरानो हो । मिथिला सभ्यता कला, संस्कृति, सँगीत, भेषभूषा लगायत हरेक क्षेत्रमा धनी रहेको छ ।' उनले यसै विवाह पञ्चमीको दिन भारतका लाखौं भक्तजन जनकपुरधामको जानकी मन्दिरमा आएर दर्शन गर्ने गरेको उल्लेख गरे ।

तीन वर्ष अगाडि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी विवाहपञ्चमीकै दिन जनकपुरधाम आएर माता जानकीको पुजाआजा गरेको स्मरण मन्त्री आलेले गरेका हुन् । उनले नेपालमा भगवान पशुपतिनाथ जति नै जानकी मन्दिर पनि महत्वपूर्ण रहेको बताए ।

उनले आफ्नो मन्त्रालयबाट हुनसक्ने सबै किसिमको सहयोग जानकी मन्दिरका निम्ति उपलब्ध गराउने प्रतिबद्धतासमेत जनाए । सो कार्यक्रममा मन्त्री आलेलाई मिथिला संस्कृति समाजले मायाको चिनासमेत प्रदान गरेको थियो ।

मिथिला संस्कृति समाजका अध्यक्ष वीरेन्द्र ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा विशिष्ट अतिथि राष्ट्रिय समाजसेवी प्रा.डा.जगदीश वैद्यले पनि श्रीराम जानकी विवाहोत्सवको शुभकामना मन्तव्य दिएका छन् । उनले मिथिला संस्कृतिको चर्चा गर्दै यसको संरक्षणका लागि सबैले आआफ्नो तर्फबाट योगदान पुऱ्याउन आग्रह गरेका थिए ।

यस्तै, कार्यक्रममा कार्यक्रममा मिथिलाञ्चलको संस्कृति र संस्कारलाई बचाई राख्ने संस्कृतिविद् तथा सो क्षेत्रमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरुलाई स्रष्टा सम्मानसमेत गरिएको थियो ।

यसैगरी कार्यक्रममा राम मन्दिर थापाथलीका महन्थ राम स्वरुप दास वैष्णव, साहित्यकार तथा लेखिका रेखा यादव, समाजसेवी विनोद अग्रवाल, तराई मधेश राष्ट्रिय परिषद्का संयोजक अधिवक्ता विकास कुमार ठाकुर, समाजसेवी रामप्रवेश साह, श्री माँ दुर्गा भवानी पुजा एवं हिन्दू संस्कृति परिषद्का अध्यक्ष राम शोभित नायक, साबित्री अगरबती उद्योगका प्रबन्धक पुस्कर केसी, याक एण्ड यतिका असिस्टेन्ट मेनेजर उमेश देव लगायतको उपस्थिति रहेको थियो ।

## शान्ति सेना २८ औँ डफ्फाको पहिलो टोली कंगो प्रस्थान



**काठमाडौं/मस**–संयुक्त राष्ट्रसंघको आह्वाननमा शान्ति स्थापनाका सिलसिलामा अफ्रिकी मुलुक कंगोमा तैनाथ हुन २८औं डफ्फाको पहिलो टोली शुक्रबार त्यसतर्फ प्रस्थान गरेको छ ।

त्यहाँ तैनाथ भवानीदल गण २७ औं डफ्फालाई बदली गर्न फष्ट रैफल गण २८औं डफ्फाको शान्ति सेनाको पहिलो टोली प्रस्थान गरेको हो । प्रमुख सेनानी वसन्तबहादुर गौतमको नेतृत्वमा २१९ शान्ति सैनिक मिशन ईलाका प्रस्थान गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

सेनाले छ दशकदेखि संयुक्त राष्ट्रसंघका विभिन्न मिसनमा सहभागी भई द्वन्दग्रस्त मुलुकमा शान्ति स्थापना कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । कोभिड-१९ संक्रमणबीच सम्पूर्ण स्वास्थ्य सुरक्षा सतर्कता अपनाएर शान्ति स्थापना कार्यलाई निरन्तरता दिने नीति अनुरुप अदली बदलीको व्यवस्थापन गरिएको सेनाले जानकारी दिएको छ ।

सेनाद्वारा 'होल्डिङ सेन्टर' निर्माण तीव्र

कोभिड-१९ संक्रमण जोखिम रोकथाम तथा न्यूनीकरण गर्ने उद्देश्यले मुलुकका विभिन्न आठ स्थानमा अघि बढाइएको 'होल्डिङ सेन्टर' निर्माण तीव्र रुपमा अघि बढिरहेको छ ।

नेपाली सेनाको व्यवस्थानमा अघि बढिरहेको उक्त निर्माण कार्यको हालसम्म पछिल्लो प्रगति ६० प्रतिशतभन्दा माथि रहेको जानकारी दिइएको छ । मन्त्रालयको चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिक समीक्षामा प्रधानसेनापति प्रभुराम शर्माले निर्माणाधीन सात 'होल्डिङ सेन्टर' निर्माणको काम ६० प्रतिशत भन्दामाथि पुगेको जानकारी दिए ।

उनले भने, 'पछिसम्मका लागि काम लागोस् भन्ने हेतुले बनाइएका एकतले भवन पूरा गर्ने काम भइरहेको छ, नयाँ निर्माणलाई पनि सँगसँगै लगिएको छ, विनियोजित रकम भने हालसम्म ५० प्रतिशत मात्र उपलब्ध भएको छ ।'

सरकारले नेपाल-भारत सीमा नाका कञ्चनपुरको गड्डाचौकी, कैलालीको गौरीफन्टा, झापाको काँकडि्भट्टा, मोरङको रानी, कपिलवस्तुको कृष्णनगर, पर्साको वीरगञ्ज, नेपालगञ्जको बाँके र रुपन्देहीको बेलहियामा कम्तीमा एक हजार क्षमताको होल्डिङ सेन्टर बढाउने निर्णय गरेको थियो । रुपन्देहीको बेलहियामा भने हालसम्म जग्गा प्राप्ति नभएको कारण काम अघि बढन नसकेको रक्षा मन्त्रालयले जनाएको छ ।

उक्त परियोजना दुई अर्ब रुपैयाँको लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिको छ । स्थानीय तहबाट आवश्यक सहयोग नभएको तथा अर्थ र गृह मन्त्रालयबीच समन्वय र सहमति नहुँदा रुपन्देहीमा जग्गा प्राप्त गर्ने कार्य नै प्रभावित भएको बताइएको छ । परियोजनाका लागि हालसम्म ५० प्रतिशत मात्र रकम उपलब्ध भए पनि एक तल्लाका भवन एकपछि अर्को गर्दै लगातार बनाइएकाले अत्यावश्यक परेको खण्डमा अहिले नै प्रत्येकमा २०० जनालाई राख्न सक्ने अवस्थामा बनिसकेको छ । सेनाको अनुरोधमा ठेकेदारले कामलाई निरन्तर रुपमा अघि बढाइरहेकाले अब छिट्टै निर्माण सम्पन्न हुने जानकारी दिइएको छ ।

## एकतापछि विवेकशील साझाद्वारा घोषणापत्र जारी

**काठमाडौं/मस**–विवेकशील साझा पार्टी, सिटिजन्स डिसकशन फोरम, राष्ट्रिय जनता दरबार पार्टीबीच पार्टी एकता भएको छ । तीन पार्टीले एकता गरेसँगै घोषणापत्र जारी गरेका छन् ।

शनिबार जारी घोषणा पत्रअनुसार एकीकृत पार्टीको नाम 'विवेकशील साझा पार्टी' हुनेछ भने एकीकृत पार्टीको लोगो र चुनाव चिन्ह 'तराजु' हुनेछ । यस्तै, एकीकृत पार्टीका अध्यक्ष रवीन्द्र मिश्र हुनेछन् । पार्टीको केन्द्रीय कार्यालय बखुण्डोल, ललितपुरमा रहने जारी विज्ञप्तिमा उल्लेख छ । दुई पार्टी गाभिएसँगै विवेकशील साझा पार्टीमा केन्द्रीय सदस्यको संख्या थप भएको छ । सिटिजन्स डिसकसन फोरमबाट ३१ जना र राष्ट्रिय जनता दरबार पार्टीबाट १४ जना गरी कुल ४५ जना विवेकशील साझा पार्टीको केन्द्रीय कमिटीमा रहने पार्टी एकता घोषणापत्रमा उल्लेख छ । यस्तै, केन्द्रीय कार्य सम्पादन समितिमा दुवै पार्टीका ११ जना सदस्य थप गरिएको छ । एकता घोषणा पत्रमा विवेकशील साझा पार्टीका तर्फबाट अध्यक्ष रवीन्द्र मिश्र, सिटिजन्स डिसकशन फोरमबाट संयोजनक कर्णबहादुर शाही र राष्ट्रिय जनता दरबार पार्टीबाट एसपी साह सारथीले हस्ताक्षर गरेका छन् ।

## गर्भवतीको हवाई उद्धार

**डोटी/मस**–डोटीस्थित जिल्ला अस्पतालमा सुत्केरी हुन नसकेपछि पूर्वीचौकी गाउँपालिका-५ का २० वर्षीया सम्झना विकको हवाई उद्धार गरिएको छ । सुत्केरी हुनेक्रममा उच्च रक्तश्राव भएका कारण उनीलाई कोहलपुर मेडिकल कलेज रेफर गरिएको जिल्ला अस्पतालका डा.प्रकाश ठकुल्लाले जानकारी दिनुभयो । विकलाई राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत उद्धार गरी कोहलपुर लगिएको जिल्ला प्रहरी कार्यालयका सहायक सूचना अधिकारी तथा प्रहरी निरीक्षक रवीन्द्र चन्दले जानकारी दिए । राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत जिल्लामा पहिलो पटक सुत्केरीको हवाइ उद्धार गरिएको बताइएको छ ।

## हराएको ३६ वर्षपछि लक्ष्मीनारायण मूर्ति प्रतिस्थापन

**ललितपुर/मस**–ललितपुर महानगरपालिका-१६ पटको टोलबाट विसं २०४२ मा हराएको लक्ष्मीनारायणको मूर्ति शनिबार प्रतिस्थापन गरिएको छ ।



नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरी तथा पाटन दरबार संग्रहालयका पदाधिकारी तथा नेपाल सम्पदा पुनःजागरण अभियानका सदस्य तथा ललितपुर महानगरपालिकाका जनप्रतिनिधि एवं जनताको सहभागितामा उक्त काम सम्पन्न गरिएको हो ।

राजदूत बेरीले ललितपुरको सम्पत्ति सोही समुदायमै फर्काउन पाउँदा निकै गौरवान्वित महसुस गरिरहेको बताए । उनले भने, ' अझै भेटिएका यस्ता वस्तुलाई पुनः फर्काउनेछौं ।'

पुनःजागरण अभियानका उपाध्यक्ष कनकमणि दीक्षितले सो मूर्ति आज मन्दिरमा प्रतिस्थापन गरिनु नै पटको टोलका जनताको उत्कृष्ट र उत्साहजनक सहयोग तथा चासोको विषय रहेकामा प्रशंसा गरे । उनले भने, 'यस मूर्तिलाई फर्काउन अमेरिकी नागरिक महिला जोयलिन डेभिस तथा एरिन टम्सन र अर्का व्यक्ति युग्रेन शिकको ठूलो हात रहेको छ ।'

पटको टोल सुधार समितिका अध्यक्ष वदनज्वालानन्द राजोपाध्यायले विगत विसं १९८४ मा हराएको मूर्ति फेरि चोरी हुनसक्ने कुरालाई ध्यानमा राखी आफूहरुले सिसीटिभी र साइरन तथा लेजर प्रविधिको समेत व्यवस्था मन्दिर हातामा गरेको बताए ।

हनुमानढोका दरबार हेरचाह अड्डा कार्यालय प्रमुख सन्दीप खनालले सो मन्दिर एक तहको पेटीमा दुईतले शैलीको पश्चिमाभिमुख रहनाका साथै सोको प्रवेशद्वारको चौकोस पनि एकदम कलात्मक रहेको बताए । उक्त मन्दिर बाहिर ढोकामा छत्र भएको गरुड अनि मध्यभागमा नारायण मूर्तिसहित विभिन्न देवगणले भरिएको तोरणसमेत देख्न पाइन्छ ।

स्थानीयवासी विमललाल श्रेष्ठका अनुसार सो नारायण मन्दिरमा वर्षको एकपटक हरेक निर्जला एकादशीका दिन ' नारायण गुठी' का मानिसले गुठी चलाउनेसमेत गरेका बताए । उक्त कार्यक्रममा सो लक्ष्मीनारायण मूर्ति १२औं शताब्दीको लिच्छिविकालमा निर्माण हुनाका साथै मन्दिर भने मल्लकालीन समयमा बनेको बताइएको छ ।

## पशुपति परिसरमा नागमणि प्रदर्शन

**काठमाडौं/मस**–पशुपतिनाथको भण्डारमा रहेको भगवान्को कवच, मुकुट, नागमणि, एकमुखे रुद्राक्ष, शंखलगायत पुरातात्विक महत्वका सामग्री पशुपति क्षेत्रमा सर्वसाधारणका लागि देखाइएको छ ।

भण्डारमा रहने यी सामग्री प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण औँसीका दिन एक दिनमात्र हेर्न इच्छुक सर्वसाधारणलाई देखाइन्छ । अनादिकालदेखिका यी सामग्री बाला चतुर्दशीको भोलिपल्ट अर्थात् औँसीका दिन देखाउने परम्परा रहेको पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले बताए । त्रयोदशीका दिन पशुपति क्षेत्रमा दिवंगत पितृका नाममा बत्ती बाल्न आएका काठमाडौं उपत्यका बाहिरका भक्तजन बाला चतुर्दशीका दिन बिहान शतबीज छरेर औँसीका दिन बिहान धार्मिक, पुरातात्विक एवं ऐतिहासिक र सांस्कृतिक महत्वका यी सामग्री हेरेरमात्र फर्कने हुँदा त्रयोदशीदेखि औँसीसम्म नै पशुपति क्षेत्रमा भक्तजनको भीड लाग्छ । पशुपतिनाथ मूल मन्दिरको पश्चिम मूलढोका अगाडि राखिएका ती सामग्री सुरक्षा निकाय एवं कोषका कर्मचारीको सहयोगमा दर्शन गर्ने व्यवस्था मिलाइएको थियो ।

## ओमिक्रोनको संक्रमण रोक्न सीमा क्षेत्रमा सतर्कता

**कञ्चनपुर/मस**–कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन अफ्रिकी मुलुकसहित भारतमा देखा परेपछि पश्चिमी सीमानाका गड्डाचौकीमा सतर्कता अपनाउन थालिएको छ ।

सीमानाका भएर आउने यात्रुमध्ये कोरोनाका शंकास्पद बिरामीको एन्टिजेन विधिबाट कोरोना परीक्षण गरी नतिजा पोजेटिभ आए नमूना पुनः परीक्षणका लागि केन्द्रीय प्रयोगशालामा पठाउने व्यवस्था गरिएको छ ।

'सीमानाकाबाट भित्रिने यात्रुको एन्टिजेन विधिबाट गरिएको कोरोना परीक्षणमा नतिजा पोजेटिभ आए उपचार र परीक्षणका लागि अस्पताल पठाउँदै आएका थियौं', जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका प्रमुख शिवराज सुनारले भने, ' कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन भारतलगायतका मुलुकमा देखा परेपछि नमूना परीक्षणा गर्न केन्द्रीय प्रयोगशालामा पठाइने गरिएको छ ।' कोरोनाको नयाँ भेरियन्ट फैलिन नदिनका लागि सीमा क्षेत्रमा सावधानी र सतर्कता अपनाइएको उनले बताए ।

### ओमिक्रोन...

आवश्यक पर्ने सबैलाई लगाउने जनाएको छ । सरकारले सबै नागरिकलाई कोभिड-१९ खोप निःशुल्क उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले दैनिक दुई लाख जनालाई खोप लगाउने गरी आवश्यक सबै तयारी पूरा भएको बताए ।

अहिलेसम्म नेपालमा दुई करोड ७३ लाख ५६ हजार ५३० मात्रा खोप आइसकेको छ । तीन करोड ५० लाख खोप आउने क्रममा छ ।

अहिलेसम्म एक करोड ८८ लाख ६२ हजार २१६ जनाले खोप लगाइसकेका छन् । तीमध्ये एक करोड दुई लाख ४८ हजार ३६९ पहिलो मात्रा र ८६ लाख १३ हजार ८४७ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

सरकारले पुस मसान्तभित्र कूल लक्षितको दुई तिहाई र चैतमसान्तसम्म लक्षित सबै नागरिकलाई खोप लगाउने लक्ष्य लिएको छ । सरकारले खरिद गरेर र कोभ्याक्स सुविधामार्फत दैनिक खोप ल्याइरहेको छ ।

सरकारले बालबालिका खोप लगाउनका लागि मोडर्ना र फाइजर ल्याउने अन्तिम तयारीमा गरेको छ । फाइजर खोप एक लाख मात्रा आइसकेको छ ।

### थापा...

पदाधिकारीका लागि १६ जनाको उम्मेदवारी परेको थियो । पदाधिकारीमा एक महिलासहित ४ उपाध्यक्षका लागि ८ जना र एक महिलासहित ३ महामन्त्रीका लागि ६ जना चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

### सुधारको....

रोजगारी दिइने भन्दै मन्त्री श्रेष्ठले सिपको अभावमा नेपाली कामदार हरूले विदेशमा अन्यदेशबाट आएका समान कामदारको तुलनामा कम पारिश्रमिक पाउने र अन्याय पर्दासमेत न्याय खोज्न नसक्ने अवस्थामा रहेकोले उनीहरूलाई शसक्त बनाउन पनि सीप तालिमको आवश्यकता देखिएको बताए ।

मन्त्री श्रेष्ठले श्रम तथा रोजगारका क्षेत्रमा रहेका समस्या समाधान र युवालाई देशभित्रै रोजगारी सिर्जनाका लागि पनि कार्ययोजना बनाइ कार्यान्वयन गर्ने जानकारी दिए ।

**माइग्रेशन सर्टिफिकेट हरायो**

मिति २०७८/०६/२० गते दरबारमार्ग देखि घण्टाघरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको १० +2 को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध गर्दछु ।

नामः कृष्णा कुमारी सावद
सिम्बोल नं.: ३५९००११६
रजिष्ट्रेशन नं.: ६६५९०१०७८
सर्म्पक नं.: ९८६३४६९७७५

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
भन्सारमार्ग, टेकु, काठमाण्डौ ।

**ट्रेड युनियन नविकरण सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८।०८।१९

यस कार्यालयमा दर्ता भएका र मिति २०७८।०१।१९ पश्चात ट्रेड युनियन ऐन, २०४९ को दफा ७ (क) बमोजिम अवधि भित्र नविकरणको लागि दरखास्त नदिएका ट्रेड युनियनहरुलाई अवधि समाप्त भएको ६ महिना भित्र नविकरणको लागि लाग्ने दस्तुरको थप ५०(पचास) प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष आवश्यक कागजात संलग्न गरी दरखास्त दिनुहुन ट्रेड युनियन नियमावली, २०५० (संशोधन सहित)को नियम ९ को उपनियम (३) बमोजिम सूचित गराइन्छ ।

**साउदीमा रोजगार** | १. कम्पनीः SUNRISE SAHARA GENERAL CONTRACTING COMPANY
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९५४१ LT. No.: 252648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५१,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 10 | 0 | | 2200 | ७०,३५६ | | | | | | | |

२. कम्पनीः WRIGHT TRADING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९५४३ LT. No.: 252584

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1750 | ५५,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 2 | 0 | | 1750 | ५५,९६५ | | | | | | | |
| 3. | Cooling Device Operator | 2 | 0 | | 1500 | ४७,९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २६ गते (12 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क. न. १ को रु. १०,००० र २ को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, बसुन्धारा, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३, मो.: ९८४१९९६५७१, ९८४१९९६५७२, ९८५४१९९६५७३
Email : trivenioverseas.nepal@gmail.com, trivenioverseas.laxman@gmail.com , Web:www.trivenioverseas.com

**UAE को प्रतिष्ठित कम्पनीमा PSBD र DPS Security Guard हरूको आबश्यकता**

कम्पनीः Star Security Services LLC शहरः DUBAI शनिवार पनि कार्यालय खुल्ला रहनेछ ।
पूर्व स्वीकृत मितिः २०७८/०५/२० चलानी नं.: ६०१६२४६८ L.T. No.: 245048 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | PSBD Security Guards | 200 | 50 | सम्बन्धित काममा दक्ष | 2000 | ६५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DPS Security Guard | 100 | 0 | | 1200 | ३९,१९२ | | | | | | | |

PSBD को Basic Salary AED 2000 र Other Allowance AED 770 सहित AED 2770 हुनेछ ।
DPS को Basic Salary AED 1200 र Other Allowance र OT AED 1200 सहित AED 2400 हुनेछ ।

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता होटल टाइमलेस मोमेन्ट, झापा बिर्तामोडमा २०७८ मंसिर २० गते (6 Dec. 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर प्रधान कार्यालय काठमाडौं र बसुन्धारा बैक्वोटमा २०७८ मंसिर २१ गते (7 Dec. 2021) मा हुनेछ ।
अन्तर्वाता होटल रेड कार्पेट चितवन भरतपुरमा २०७८ मंसिर २२ गते (8 Dec. 2021) मा हुनेछ ।
अन्तर्वाता बाजेको सेकुवा नागढुङ्गा पोखरामा २०७८ मंसिर २३ गते (9 Dec. 2021) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर प्रधान कार्यालय काठमाडौंमा २०७८ मंसिर २४ गते (10 Dec. 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**STARIS HR SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १३२४/०७४/०७५
Samakhusi-26, Kathmandu, Tel.: 01-4381145, 4365203, Mobile: 9851320076, 9841669779,9851176848, 9851172289, 9801458705, 9818414783, 9801139394, 9855019595, 9858022551, 9827163906

## मेची-महाकाली रेल

# धान फल्ने खेतमा गिट्टीको थुप्रो

तेजबहादुर बन/मध्यान्ह
इटहरी, १८ मंसिर

अघिल्लो वर्ष मात्रै मुरीका मुरी धान फलाएर घर भित्र्याएका इटहरी १२ खनारका अर्जुन कार्कीले यो वर्ष आफ्नै जमिन उपयोग गर्न पाएनन् । नेपाल सरकारको रेल वे विभागले उनको एक कट्ठा जमिनलाई समेत भोगचलनमा रोक्का गरिदिएपछि उनको परिवार अहिले थप पिडामा परेको छ ।

वर्षौंदेखि सोहि जमिनमा उब्जिएको अन्नबाट घर परिवारको गुजारा गर्दै आएका कार्की परिवारको एक कट्ठा जमिन रेल वे विभागले अधिग्रहण गरी भोगचलनमा रोक्का गरिदिएको छ । इटहरी उपमहानगर अन्तर्गत खनारमा कार्कीको मात्र नभइ दर्जन बढी कृषकहरूको जमिन सरकारले रोक्का गरिदिएको छ ।

झापाको काँकडभित्ता हुँदै इटहरीबाट इनरूवा जोड्ने रेल मार्गले कृषकहरूको करिब ७ सय विगाहा जमिन अधिग्रहण गरेको छ । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको मेची-महाकाली विद्युतीय रेल मार्ग निर्माणको प्रक्रिया अघि बढिरहँदा सुनसरीमा भने मुआब्जा विवाद चर्किएको छ ।

रेल मार्ग विस्तारको क्रममा सयौं विगाहा जमिन अधिग्रहण भएपछि सुनसरी, मोरङ र झापाका हजारौँ कृषकहरू अहिले प्रत्यक्ष मर्कामा परेका छन् ।



मेची महाकाली विद्युतीय रेलमार्ग निर्माणको क्रममा सुनसरीको इटहरी, इनरूवा र झापामा करिब ७ सय विगाहा जमिन अधिग्रहण हुनुका साथै नेपाल सरकारको रेलवे विभागले भोग चलनमा रोक्का गरिदिएपछि कृषकहरू मर्कामा परेका हुन् । आफ्नो जमिनबाट रेल कुँदेको हेर्ने रहर कसलाई छैन र ? तर उचित क्षतिपूर्ती नै नदिइ निर्माण प्रक्रिया अघि बढाउने सूचना पाएपछि आफुहरू दुखी भएको इटहरी १२ खनारका स्थानीय अर्जुन कार्कीले बताए ।

सरकारले रेल वे निर्माणको क्रममा अधिग्रहणमा परेको आफुहरूको जमिनको अहिलेको बजार भाउ अनुसार मुआब्जा वितरण नगरेसम्म कुनै काम हुन नदिने खनारका स्थानीयहरूले चेतावनी दिएका छन् । पूर्व पश्चिम रेलवे अन्तर्गत इनरुवा काँकडभिट्टा रेलवेको १ सय ६ किलोमिटर निर्माणको ठेक्का प्रक्रिया अन्तिम चरणमा रहेको छ । प्रक्रिया अघि बढ्दै गर्दा जमिनको मुआब्जाबारे चासो नदिएको भन्दै पीडित स्थानीयहरूले केहि महिनाअघि मात्र एक नं प्रदेशका पूर्वमुख्यमन्त्री शेरधन राईलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझ्दै पूर्वमुख्यमन्त्री राईले पनि रेल वे विभागसँग कुरा बुझेर माग सम्बोधन गरिदिन पहल कदम चाल्ने आश्वासन दिएका थिए । तर अहिले राईको पद गुमेसँगै दुई पटकसम्म फेरिएको मुख्य मन्त्रिहरूले कुनै चासो नराखेपछि आन्दोलनमा उत्रनु पर्ने अवस्था आएको इटहरी १२ खनारका अर्का पीडित ज्ञानेन्द्र चौधरीले बताए । परियोजना निर्माणको क्रममा जग्गा अधिग्रहणमा परेका घरपरिवारका सदस्यलाई विभागले प्राथमिकतामा राखेर रोजगारी दिनुपर्ने र न्याय व्यवस्थापन तथा मुआव्जा समिति गठन गरी जग्गाको उचित मूल्याकंन गर्नुपर्ने पीडितहरूको माग रहेको छ । रेलवे परियोजनाका लागी झापामा ३ सय ३७ बिघा, मोरङमा २ सय ३१ बिघा १० कट्ठा र सुनसरीमा १ सय ४ बिघा १८ कट्ठा जग्गा अधिग्रहणमा पर्ने रेलवे विभागले जनाएको छ । यता सुनसरीको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भने आफुले कार्यभार सम्हाले देखिनै यो विषयलाइ गम्भिरता पुर्वक चासो दिएर बिभिन्न निकायहरूबाट जानकारी लिइ राखिएको बताए । उनले सुनसरीमा जग्गाको मुआब्जा दिने विषयमा देखिएको विवाद साम्य गर्न तत्काल नसकिने तर समस्या सामधानतर्फ आफु तत्पर रहेको पनि उल्लेख गरे ।

## चितवनको विकास देखेर सबै दंग छन् : प्रचण्ड

अर्जुन बिष्ट/मध्यान्ह
चितवन, १८ मंसिर




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले विकास निर्माणकार्यले चितवन स्थापित भएको बताएका छन् । शनिबार भरतपुरमा प्रेस सेन्टर नेपालको चौथो राष्ट्रिय महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले चितवनको विकास हेर्न सबैले महाधिवेशनका कार्यक्रमहरु चितवनमै गर्ने गरेको बताएका हुन् ।

आफूलाई हेरेर सबैले चितवनतिर नजर लगाएको बताउँदै अध्यक्ष दाहालले भने, 'चितवनले विकास निर्माणमा फड्को मारिसकेको छ, प्रचण्डको जिल्ला हो भनेर कसैले पनि रिस नगरे हुन्छ । हामीले चितवनमा विकासका काम थुप्रै गर्यौं । मोटरेबल पुल, चौडा पक्कीबाटो निर्माण गरेका छौं ।'

अध्यक्ष दाहालले आफूले पनि चितवनको विकासमा ध्यान दिएको बताउँदै नेकपा (एमाले)ले चितवनको विकास हेर्न महाधिवेशन आयोजना गरेको बताए । 'तर यहाँ महाधिवेशन गरेर जनता भड्काउने षड्यन्त्रमा मान्छेको भीडभाड बढाएर केही उपाए नलागेपछि निराश हुँदै फर्किएका छन्' उनले भने । एमाले अध्यक्ष केपी ओलीतर्फ लक्षित गर्दै दाहालले भिडभाड गर्दैमा महाधिवेशन सफल नहुने बताए ।

त्यस्तै प्रचण्डले प्रधान न्यायाधीश र एमसीसीको विषय गठबन्धन र राजनीतिक दलहरुबीच सहमतिका आधारमा हुने स्पष्ट पार्दै भने, 'केही तत्वहरू अनेक प्रकारका झुठा, भ्रमपूर्ण कुरा फैलाइरहेका छन्, गठबन्धन भत्काउन एमसीसीलाई जोडिरहेका छन्, तर गठबन्धन कुनै हालतमा भत्किदैन, ढुक्क हुनुस् ।'

एमालेले पनि चितवनको विकासलाई आत्मसात गरेको दाबी गर्दै दाहालले देशभरीका जनताले चितवन, चितवनको विकास, नारायणी, यहाँको धार्मिक पर्यटकीय स्थल, सबै बुझ्ने मौका पाएको बताए ।

## पर्यटन प्रवर्द्धनमा चिनियाँ पक्षको चासो

पवन जायसवाल/मध्यान्ह
नेपालगन्ज, १८ मंसिर



नेपालको उत्तरी छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनले नेपाल-भारत-चीन बीच तीनवटै मुलुकको पर्यटन क्षेत्रको विकासमा त्रिपक्षीय सहकार्यका लागि जोड दिँदै आएको यहाँ आयोजित एक कार्यक्रममा जानकारी दिइएको छ । चीन सरकारले चीनको प्रसिद्ध पर्यटकीय स्थल मानसरोवर र भारतको प्रसिद्ध धार्मिक पर्यटकीय स्थल सारनाथसम्म नेपाली भूमि हुँदै सहजै आवागमन गर्नका लागि सडक सञ्जाल विस्तार गर्न सकिने कुरामा सहभागीहरुले पनि जोड दिएका छन् ।

सिन्व्हा समाचार एजेन्सी काठमाडौंका प्रमुख वरिष्ठ पत्रकार झाओ सिङपिङले चिनियाँ सरकारको उक्त आसयलाई प्रष्ट पार्दै तीन मुलुक बीच यस्तो सहकार्य हुन सकेको खण्डमा पर्यटन प्रवर्द्धन र विकासमा तीनवटै मुलुक र नागरिकले फाइदा उठाउन सक्ने जिकीर गरे । विश्व प्रसिद्ध समाचार एजेन्सी सिन्व्हा समाचार एजेन्सीको बेजिङस्थित प्रधान कार्यालयमा सम्पादकका रुपमा काम गरिसक्नु भएका पत्रकारितामा स्नातकोत्तर शिक्षा हासिल गरेका सिङपिङले तीन देश बीच सडक सञ्जालको विकास भयो भने नेपालका हिमाल, पहाड र तराईका नागरिक बीच पनि सम्बन्ध सुमधुर हुने कुरा बताए ।

नेपालको बारेमा गहन अध्ययन गरी पुस्तक समेत लेखेका पत्रकार झाओ सिङपिङले सन् १९५५ मा दौत्य सम्बन्ध स्थापना भएको नेपाल चीन बीच अत्यन्तै सुमधुर सम्बन्ध रहेको बताउँदै तराईको समग्र विकास र तराईमा बसोबास गर्ने नागरिकको जीवनस्तर उकास्नका लागि के सहयोग गर्न सकिन्छ भन्ने कुरामा आफ्नो मुलुकको पनि चासो रहेको बताए ।

एजेन्सीको काठमाडौंस्थित व्यूरो कार्यालयको आयोजनामा यहाँ भएको अनौपचारिक अन्तरक्रिया कार्यक्रममा बाँके जिल्लाका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने लब्धप्रतिष्ठित व्यक्तित्वहरुको सहभागिता रहेको थियो ।

नेपालको तराईमा चीनको उपस्थिति शून्य रहेको बताउँदै सहभागीहरुले राजधानीबाट बाहिर आएर अन्तरक्रियात्मक कार्यक्रम राखेकोमा काठमाडौंस्थित एजेन्सी व्यूरो कार्यालयको सराहना गर्दै बेलाबेलामा यसरी नै काठमाडौं बाहिर पनि नेपाल चीन सम्बन्धमा चर्चा परिचर्चा गरिनु गर्ने, तराईबाट पनि दुई देशीय साँस्कृतिक सम्बन्ध विस्तार गरिनु पर्ने, भ्रमणको आदान-प्रदान गरिनु पर्ने, अत्यन्तै विकसित विश्वकै सबभन्दा ठुलो देश चीनले विभिन्न क्षेत्रमा हासिल गरेको विकासका बारेमा तराईका नागरिकलाई पनि जानकारी गराउने खालका कार्यक्रमहरुको आयोजना गरिनुपर्ने लगायतका सुझाव राखेका थिए ।

कार्यक्रममा सहभागी पत्रकारहरुले नेपाल र चीनका पत्रकार वीच पनि सहकार्य हुनुपर्ने, दुई देशीय भ्रमण आदान प्रदान जस्ता कार्यक्रम राख्नका लागि विश्व प्रसिद्ध समाचार एजेन्सी सिन्व्हा न्यूज एजेन्सीले पहल गर्नुपर्ने सुझाव राखेका थिए ।

# 'समावेशी शिक्षाको नारा कागजमै सीमित'



दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, १८ मंसिर

'नीतिगतरुपमा बलियो छौं तर, समावेशी शिक्षा व्यवहारतः लागु छैन ।' अन्तर्राष्ट्रिय अपाङ्गता दिवस २०२१ को सन्दर्भ पारी राज्य पुनःसंरचना पश्चात समावेशी शिक्षाको अवस्था विषयक राष्ट्रिय संवाद कार्यक्रममा अधिकांश वक्ताहरुको एकमुष्ठ आवाज हो यो । शिक्षा अधिकार अनुगमन समुह नेपालको आयोजनामा भएको उक्त कार्यक्रममा कागजमा सिमित रहेको नेपाली शिक्षा प्रणालीलाई कसरी व्यवहारिक र समावेशी बनाउने भन्ने विषयमा शिक्षा क्षेत्रका विज्ञहरुले आ-आफ्नो धारणा राखेका थिए ।

सन् १९८१ मा 'पूर्ण सहभागिता र समानता' भन्ने नाराका साथ संयुक्त राष्ट्र संघबाट सुरु भएको राष्ट्रिय अपांगता दिवसको १० वर्षे कार्ययोजना पारित भएसँगै सन् १९९२ डिसेम्बर ३ देखि अर्न्राष्ट्रिय रुपमा अपाङ्गता दिवस मनाउन थालिएको हो । सन् १९९३ देखि नेपालले पनि यो दिवस मनाउन थालेको हो ।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष डा. विरेन्द्र पोखरेलले राज्य पुनःसंरचना पश्चात समावेशी शिक्षाको अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा उनले नेपालको समावेशी शिक्षाबारे संबिधान र कानूनी विषय र कार्यान्वयनबारे प्रस्तुति राखेका थिए ।

प्रस्तुति टिप्पणी गर्दै शिक्षाविद् डा. विद्यानाथ कोइरालाले शिक्षालाई व्यवहारिक समावेशी बनाउने विषय संबिधानमै अस्पष्ट भएका कारण समस्या भएको स्पष्ट पारे । 'संविधान नै अस्पष्ट छ । संबिधानको अनुसूचि आठ सेमात्ने कि नौ ?' उनले भने, 'आठले स्थानीय तहलाई समात भन्छ नौले केन्द्रीय सरकार । यति मात्रै हैन हाम्रो कन्फ्युजन विशेष शिक्षा कि समावेशी शिक्षा अर्थात् विशेष शिक्षाभित्रको समावेशी शिक्षा भन्नेमा पनि छ ।'

उनले यी सबै नीतिगत झमेलाकाबीच अपाङ्गता भएका बालबालिकाका अभिभावलाई निकै कठिन स्थिति भएको बताउँदै सरकारले यसबारे गम्भीर हुन जरुरी भएको बताए ।

कार्यक्रममा बोल्दै नेपाल शिक्षक महासंघका पूर्व अध्यक्ष बाबुराम थापाले अपाङ्गता भएका व्यक्तिहरुलाई अवसर दिएमा निकै अगाडि बढ्न सक्ने बताए । कागजमा नेपाल कमजोर नभए पनि कार्यान्वयन निकै निराशाजनक भएको बताउँदै पूर्व अध्यक्ष थापाले शिक्षामा यति धेरै कमजोरी नहुनु पर्नेमा जोड दिए । 'हामीसँगको डकुमेण्ड त्यति कमजोर छैन र समावेशी शिक्षाको कार्यान्वयनमा व्यवहारिक पाटाहरु निकै अप्ठेरो छन्' उनले भने, 'यसमा स्थानीय तहदेखि केन्द्र सरकार सबै लाग्नुपर्ने हुन्छ ।'

कार्यपत्रमाथि टिप्पणी गर्दै समाबेशी शिक्षा मञ्च नेपालकी अध्यक्ष नुपुर भट्टाचार्यले पनि शिक्षाको व्यवहारिकताका लागि सबैले आ-आफ्नो तर्फबाट पहल गर्नुपर्ने आवश्यकता रहेको बताइन् ।

कार्यक्रममा आफ्नो धारणा राख्दै संसदको शिक्षा स्वास्थ्य समितिकी सदस्य बिद्या भट्टराइले शिक्षाको विषय राजनीतिक दलहरुको एजेण्डा नै नबन्दा समस्या भएको बताइन् ।' राजनीतिक शिक्षाको विषय नै राजनीतिक दलहरुको एजेण्डा बनेको छैन', उनले प्रश्न गरिन्, 'अनि कसरी समावेशी र अपाङ्गमैत्री शिक्षा बन्न सक्छ ?' आपाङ्गमैत्री र समावेही शिक्षाका लागि स्थानीय तहलाई सबैले सघाउनुपर्ने धारणा राख्दै सांसद भट्टराईले संघीय सांसदहरुलाई पनि सरोकारवालाहरुले घच्घच्याउनुपर्ने बताइन् । 'अब हामी सरोकारवाला मिलेर स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्‍यो । स्थानीय तहले तथ्यांक संकलन र आवश्यकता के हो पत्ता लगाउनुपर्‍यो । प्रदेशले पाठ्याक्रम निर्माणमा ध्यान दिनुपर्‍यो । संघीय तहले स्पष्ट नीति बनाउनुपर्‍यो ।' उनले भनिन्, 'शिक्षा, शिक्षाभित्रको समावेशिताको विषय सांसदहरुलाई नै थाहा छैन । तपाईहरुजस्ता व्यक्तिहरुले एक पटक शिक्षा समितिका सांसदहरुसँग यसरी संवाद गर्नुपर्‍यो ।'

कार्यक्रममा बोल्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव डा. हरि लम्सालले सरकारले गर्नुपर्ने कामहरु गरिरहेको बतोउँदै समावेशी शिक्षाको पूर्णता दिनका लागि सरकार प्रतिबद्ध भएको बताए । उनले भने, 'सरकारले केही नगरेको होइन । कयौं कामहरु गरिरहेको छ र गरिरहने छ । समावेशी शिक्षा प्रणालीलाई पूर्णता दिनका लागि सरकारले गर्नुपर्ने कामका लागि प्रतिबद्ध छौं ।'

यस्तै राष्ट्रिय बालअधिकार परिषदका कार्यकारी निर्देशक मिलन धरेलले पनि परिषदले अपाङ्गता भएका बालबालिको पुनःस्थापना र उपचारका सन्दर्भमा काम गरिरहेको बताए ।

कार्यक्रमको समापन गर्दै सभाध्यक्ष रहेका शिक्षा अधिकार अनुगमन समुह नेपालका संयोजक सन्तराम डंगालले समावेशी शिक्षाको कार्यान्वयनका लागि सबैले आ-आफ्नो स्थानबाट पहल गर्नुपर्नेमा जोड दिए । शिक्षा अधिकार अनुगमन समूहको सहकार्य र लू निभा बाल सरोकार समुहको सहयोगमा भएको उक्त कार्यक्रममा अपाङ्गता भएका किशोरकिोरी सहभागी सहित शिक्षाका क्षेत्रमा सरोकारवालाहरु सहभागी थिए । कार्यक्रममा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, बाल अधिकारकर्मी तथा मानव अधिकारकर्मी र शिक्षा अभियन्ताहरु सहभागी थिए ।

## कांग्रेस लुम्बिनी प्रदेश सदस्यमा डा.अलविराको उम्मेद्वारी

इमरान खान/मध्यान्ह
कपिलवस्तु, १८ मंसिर



नेपाली कांग्रेस लुम्बिनी प्रदेश अधिवेशनमा कपिलवस्तु मुस्लिम समुदायकी २४ वर्षीया डा.अलविरा खानले प्रदेश सदस्यका लागि उम्मेद्वार दिएकी छन् । मुस्लिम महिलातर्फको कोटाबाट उम्मेद्वावार बनेकी उनी शुक्रबार दिनभर प्रतिनिधिसँग भोट मागिरहेकी थिइन् ।

शनिबार पनि उनले बिहानैदेखि आफूलाई जिताउन आग्रह गर्दै मतदातासँग मत मागिरहेकी छिन् । कांग्रेसको १४ औं महाधिवेशनबाट क्रियाशील सदस्यता लिएको उनले बताइन् । 'मैले १८ वर्षको उमेरमा कांग्रेसको क्रियाशील सदस्यता लिएकी हुँ, अहिले २४ वर्षकी भए, प्रदेश सदस्य भएर जिम्मेवारी निर्वाह गर्न सक्छु भन्ने लागेको छ,'डा.अलविराले बताइन् । बाबु अकिल मियाको प्रेरणाबाट आफू राजनीतिमा लागेको उनको भनाइ छ । अकिल मिया ३० वर्षदेखि काँग्रेस क्रियाशील सदस्य छन् । पूर्वक्षेत्रीय सभापति रहेका अकिल मिया अहिले महाधिवेशन प्रतिनिधि छन् । चिकित्सक पेसा अंगालेकी हुनाले आफू बिरामीको उपचारमै केन्द्रित हुने र सँगसँगै राजनीतिलाई पनि अगाडि बढाउने उनले बताइन् । उनी संस्थापन इतर समूहको प्यानलबाट प्रदेश सदस्यमा उम्मेदवार बनेकी हुन् ।

मुस्लिम समुदायका महिला राजनीतिमा आउन नसकिरहेको अवस्थामा उनले अहिले भने अवस्था फरक रहेको बताइन् । 'विगतमा मुस्लिम समुदायमा राजनीतिमा लाग्न हुँदैन भन्ने भावना थियो, घरबाट निस्कन पाइँदैन थियो, तर अहिले अवस्था फेरिएको छ, मैले राजनीतिमा लाग्दा परिवारका सबै सदस्यको पूर्ण साथ पाएकी छु,'उनले भनिन् । कपिलवस्तु-३ को प्रदेश सभा (ख) बाट प्रतिनिधि भएर उनी लुम्बिनी प्रदेश समिति सदस्यमा उम्मेद्वार बनेकी हुन् ।

### लिसंखु पाखर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना**

प्रकाशित मिति : २०७८/०८/१९ गते

यस कार्यालयबाट मिति २०७८/०७/२९ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमका खरीद कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना अनुसार रितपुर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरुमध्ये तपसिल बमोजिमको सिलबन्दीपत्र सारभुत रुपमा प्रभावग्राही भई सिलबन्दी दरभाउपत्र स्वीकृतीका लागि छनौट गर्ने निर्णय भएकाले सार्बजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सबैको जानकारीका लागि यो आशयको सुचना प्रकाशित गरिएको छ ।

| क.स. | ठेक्का नं. | ठेक्काको विवरण | छनौट भएको सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | LPRM/SQ/078/79-07 | Supply and delivery of HDPE pipe, GI pipe and GI fitting for Pungal Muhan WSP, Lisankhu Pakhar RM-07 | M/S Hardware Nepal Pvt. Ltd, Balaju Kathmandu | 14,74,585.59 |

प्रमुख प्रशासकिय अधिकृत

Hilton Academy Pvt.Ltd.
A great place for career
HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट:
६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं
सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### त्रसित नहुने, तयारी गर्ने

दक्षिण अफ्रिकामा पहिलो पटक भेटिएको कोरोना भाइरसको नयाँ भेरियन्ट तीव्र गतिमा विश्वभर फैलिदै गएको छ । ओमिक्रोन भनिएको यो भेरियन्ट एक सातामै २४ मुलुकमा देखिएको हो । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले नयाँ भेरियन्ट बी.१.१.५२९ लाई भेरियन्ट अफ कन्सर्नमा राखिएको छ । अनुसन्धानकर्ताहरूले ५० वटा म्युटेसन देखिएकाले यस अगाडि देखिएको भन्दा यो भेरियन्ट घातक हुनसक्ने जनाएका छन् । पहिलो र दोस्रो लहरको संक्रमणपछि बनेको खोप नयाँ भेरियन्टका लागि कति प्रभावकारी हुन सक्छ भन्ने पनि अनुसन्धान भइरहेको छ । अर्थात् कोरोना संक्रमणबाट नागरिक जीवनरक्षाका निम्ति फेरि नयाँ चिन्ता र चासो थपिएको छ । त्यसका निम्ति विभिन्न देशका अनुसन्धानकर्ताहरू लागिपरेका छन् ।

नयाँ भेरियन्टको त्रास र चिन्ता नेपालमा पनि देखिनु स्वभाविक हो । यसअघि जस्तै छिमेकी मुलुक अथवा तेस्रो मुलुक भएर यो भेरियन्ट नेपालमा भित्रन सक्न भएकाले आवश्यक सतर्कता अपनाउन जनस्वास्थ्यविद्हरूले चेतावनी दिएका छन् । दोस्रो लहरको संक्रमण जस्तै क्षति पुग्न सक्ने खतरा औल्याउँदै उनीहरूले आवश्यक तयारीमा लाग्न पनि सुझाव दिएका छन् । पहिलो र दोस्रो लहरको संक्रमणको खतराबारे पनि जनस्वास्थ्यविद्हरूले चासो र चेतावनी दिएका थिए । तर त्यसबेला सरकार र सरोकारवालाहरूले आवश्यक सुझावलाई पनि त्रास फैलाउने काम भएको भनेर ग्रहण गरेनन् । पहिलो भन्दा दोस्रो लहरको संक्रमणबाट मुलुकले ठूलो क्षति बेहोर्नुपर्ने कारण पनि आवश्यक तयारी नहुनु नै थियो ।

यदि आवश्यक तयारी भएको थियो भने मानवीय क्षति न्यूनीकरणमा बल पुग्ने थियो । तर त्यसो नहुँदा पहिलो लहरबाट भन्दा दोस्रो लहरबाट धेरै नागरिकले संक्रमित भएर ज्यान गुमाए । पहिलो लहरको संक्रमणबाट तीन हजार हाराहारी नागरिकले ज्यान गुमाएकोमा दोस्रो लहरसम्म पुग्दा साढे एघार हजार बढीले ज्यान गुमाएका छन् । लामो समयको लकडाउन र निषेधाज्ञाका कारण मुलुकले आर्थिक, सामाजिक र सांस्कृतिक नोक्सानी बेहोर्नु परेको छ । शैक्षिक क्यालेण्डर प्रभावित बनेको छ भने मनोवैज्ञानिक असर उस्तै देखिएको छ । अहिले सरकारले अनुदानबाट प्राप्त र खरीद गरेर ल्याएको खोप करीब एक करोड नागरिकलाई दिएको जनाएको छ । तर नयाँ भेरियन्टको अनुसन्धान र खतराबारे प्रष्ट भइनसकेकाले रोकथामको आवश्यक प्रबन्ध गर्न जरूरी छ ।

# लोकतन्त्रका विकृतिहरु

जुन देशमा रोजगारी छैन, उत्पादन छैन, सबै विदेशनिर्भर छ त्यही देशमा जनताको कर खाने सांसद, मन्त्री, प्रदेशको संख्या कति हो, केका आधारले तय भएको हो यो ? केवल भागवण्डा र राजनैतिक रोजगारी नभए के हो त ? यो लोकतन्त्रको अभिशाप होइन र ?



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

हाम्रो लोकतन्त्र वस्तुको आयातमा मख्ख छ । गएको कार्तिकमा मात्रै १ खर्ब ७१ अर्बको वस्तु आयात गर्दा लोकतान्त्रिक सरकार खुसी भएको थियो । गएको असोजमा ४ खर्ब ७९ अर्बको यसै आर्थिक वर्षमा सामान आयात गर्दा कार्तिकमा ६ खर्ब ५० अर्बको पुगेको छ यही अन्तरालमा आयात भइरहने हो भने यो वर्षको आयात मात्रै २० खर्ब नाघ्ने देखिन्छ । गत आवको यो अवधिमा ४ खर्ब २ अर्बका सामान नेपालमा भित्रिरहँदा अहिले ६१ दशमलव ५७ प्रतिशतले वृद्धि भएको छ । त्यसो त गत वर्ष यो अवधिको तुलनामा शत प्रतिशत निर्यात वृद्धि हुँदा पनि कूल वैदेशिक व्यापार घाटा भने ८६ दशमलव ८३ प्रतिशतले बढेर ५ खर्ब ७ अर्ब पुगेको छ । गत वर्ष यो अवधिमा ३ खर्ब ६२ अर्बको रहेको पाइन्छ । गत वर्ष निर्यात आयात अनुपात १० दशमलव १ प्रतिशत रहेकोमा यो वर्षको पहिलो चौमासिक यस अवधिमा ७ दशमलव ९२ प्रतिशतको अनुपात रहेको भन्सार विभागको भनाइ छ ।

४ महिनामा सबैभन्दा बढी डिजेल, पेट्रोल, एलपि ग्याँस मात्रै ७० अर्बको आयात भएको तथ्यांक छ भन, पेट्रोलियम पदार्थको समग्र आयात ८८ अर्ब छ । दोस्रोमा आयात हुने सामग्रीमा ५५ अर्बको स्टिल, बिलेट र आइरन परेको छ । सवारी साधनका पार्टपूर्जा ४५ अर्बको आयात भई तेस्रो स्थान ओगटेको छ । औद्योगिक कच्चा पदार्थहरु पनि आयात भएको देखिन्छ भने सबैभन्दा बढी निर्यात भएको भनेको आयातीत सोयाबिन तेल र पाम आयल हो । अर्जेन्टिनाबाट आयात गरिएको सोयाबिन तेलको निकासी गर्दा १३ अर्ब २६ करोडको आम्दानी भएको, पाम आयलबाट १३ अर्ब र सन फलावरको आयबाट हामीलाई २ अर्ब प्राप्त भएको तथ्यांक छ, जबकि इण्डोनेशिया र मलेशियाबाट पाम आयल आयात गर्दा १९ अर्ब र युक्रेनबाट सन फलावर आयात गर्दा आयात रकम ७ अर्ब देखिन्छ । अर्को निकासी वस्तु चियाको निकासी गर्दा विगत ३ महिनामा १ अर्ब १ करोड मात्रै प्राप्त भएको छ र पछिल्ला दिनमा चिया निकासीमा भारतले अवरोध सिर्जना गरेको देखिएको छ । र अहिले डिसेम्बरको अन्त्यदेखि पाम आयल निकासी रोक्ने कुरा छ । सरसर्ती हेदा निकासी दोब्बरले बढाउँदा पनि आयात सयौं गुणा बढी नै छ । यसको मूल कारण भनेको देशमा उत्पादन नभएको, उत्पादन हुने केही विगतमा भएका औद्योगिक कलकाराखानाहरु बन्द भएका, नेपालीहरु श्रमिकका रुपमा विदेशिएका, स्वदेशको माटोको माया कम भएर हो र राजनैतिक दलहरुले सबैलाई आ आफ्नो दलको खेताला बनाएर हो । नाना, छाना, खानाका लागि विदेशीको मुख ताक्नु परेर हो, विलासिताको जीवनशैलिले हो ।

दलहरुलाई लोकतन्त्र बडा स्वादिलो भएको छ । लामो समयदेखि संसारको अल्प विकसित देशको सूचीमा बसेको नेपाललाई प्रसङ्ग खुसीको पनि छ । संयुक्त राष्ट्र संघको न्यूयोर्कस्थित महासभाको ७६ औं सत्रको ४० औं बैठकले नेपाललाई सन् २०२६ देखि विकासशील देशको सूचीमा सूचीकृत गर्न अनुमोदन गरेको छ । ५ वर्ष हालको समयलाई संक्रमणकालको रुपमा लिइने र कुनै निर्णय थपघट गर्नु परेमा सन् २०२४ सम्म गरिसक्नु पर्ने गरी तोकिएको छ, यस अवधिमा नेपालले आफ्नो अर्थतन्त्रमा संरचनात्मक सुधार गर्नुपर्ने भनिएको छ । लाओस र बंगलादेश पनि यस्तै परिबेशमा रहेका छन् भने हामीले स्तरोन्नति पाउन कति सम्भव होला, यद्यपि सो अवधिसम्म अल्प विकसित राष्ट्रको रुपमा खाइपाइ आएको सुविधा भने कटौती नगरिने भनिएको छ । आगमी ५ वर्षपछि हाम्रो स्तरोन्नति हुन देशभरि नै उद्योगधन्दा, कलकारखाना, उत्पादन वृद्धि गर्दै अर्थतन्त्र सुधार गर्दै दिगो विकासको लक्ष्यलाई समेत भेट्नु पर्ने, यो काम कम चुनौतीपूर्ण छैन । दलहरुले सत्ता हानथापमा, सरकारको होडबाजीमा मात्रै समय दिने हुन् भने यो विषय हाम्रा लागि गम्भीर चुनौती भविष्यसम्म रहिनै रहने छ । विदेशी गाडीहरुको आयातमा कटौति, अत्यधिक आयात भइरहेको पेट्रोलियम पदार्थको कटौती, सस्तो विजुलीको आपूर्ती, सहज जीवन यापन गर्ने, विलासी सामग्रीमा रोक, आन्तरिक उत्पादन, घर घरै रोजगारी र कृषि

● ● ●

मिसन, भिजन र एक्सनको अभाव, विज्ञता, क्षमता र दक्षताको खडेरी, केवल सत्ता स्वार्थ र यसको अंकगणितमा लागेको छ हाम्रो लोकतन्त्र । न यहाँ निकास छ न दिगो विकास । छ त केवल असारे विकास, डोजरे विकास । नैतिकताको खडेरीमा परेको लोकतन्त्रले जनताले सधैँ दूधभात मात्र खाएको देखेको छ आफूले झैं ।

● ● ●

उद्यमशीलतामा लोकतन्त्रका सम्बाहक भनिएका दलहरुले चासो दिएनन् भने विगतमाझैं आएको यस्तो मौका फेरि नचुक्ला भन्न सकिन्न । यसअघि नै स्तरोन्नति हुने अबसर पाउँदा ७२ को भूकम्पलाई बहाना बनाएर म्याद थपाइएको थियो, अब कोरोना बहाना बनाउनु पर्छ नत्र ।

राजनैतिक उद्योग बाहेक देशमा अरु कामै छैन । प्रतिपक्षी भनी बसेको अहिले सरकारमा गएको दल मौन रह्यो, विज्ञप्तीमा सिमित बन्यो, लोकतन्त्रमा प्रतिपक्ष मौन देखिनु देशको दूर्भाग्य थियो । कोरोनाको उपचार भन्दा प्रचार बढी भयो, खोप नपाउँदानागरिकहरु मनोवैज्ञानिक त्रासमा बसे, सुरक्षाकर्मीहरु नेताका सुरक्षामा सिमित भए, बजार अस्तव्यस्त भयो, महँगीले सीमा नाघेको छ प्रशासन यन्त्र निष्क्रिय । बन्दाबन्दीमा घरघरमा एकसरो खाद्यान्नको जोहो गराउँन सकिएन, कार्ल मार्क्सको कम्युनिज्मको अर्थ के रह्यो यहाँ ? अशक्त, बूढा बूढी, दीर्घ रोगीहरुलाई स्थानीय सरकारहरुबाट ह्वील चेयर, न्यानो कपडा,नियमित खाने गरेको औषधि,एक थान ग्याँस सिलिण्डरको व्यवस्था, हल्का १।२ हप्ताका लागि गेडागुडी, फलफूलको व्यवस्था भइदिएको भए लेनिन र माओले पनि यसैबेला आफ्ना अनुयायी भन्दै सम्झन्थे होलान् । पेट्रोलियम पदार्थको अचाक्ली भाउ वृद्धि पनि लगातार भइरह्यो, चिल्ला र धनीमानीका गाडी चलिरहे, निरिह नागरिकले अस्पताल जान सार्वजनिक सवारी साधन पाएन, एम्बुलेन्सको त कुरै भएन । निःशब्द भए आम उपभोक्ताहरु असली कम्युनिज्मलाई देखेर । बजारमा पकाउने ग्याँस त पाइएन नै अस्पतालमा अक्सिजन ग्याँसको अभाव हुँदा देशमा अभिभावक नभएको अनुभूति भयो । सर्वसाधारणमा थप त्रास सिर्जना भयो, दैनिक कमाएर खानेको चूलो जल्न छोड्यो, राहतको कुनै घोषणा भएन । राजनीतिमा संलग्न भएकै भरमा बाँचुन्जेल यसको बोनसदेखि विदेश उपचारसम्म भइरहन्छ यहाँ । चिल्ला गाडी, आलिशान महल, सन्ततिको विदेश शयर तर आम सर्वसाधारण भने रोग, भोक र शोकले डुबिरहने, घरभित्रै बन्दी बनिरहनु पर्ने विवशता अहिले पनि छ । ओमिक्रोन भेरियन्टले फेरि सताउने हो कि, बेलैमा बल नगरिए ।

हाम्रो देश रोग प्रतिरोधको क्षमता भएका जडिबुटीहरु दालचिनी, अदुवा, बेसार, ज्वानो, मेथी, गुर्जो, मरिच, जिरा, लसून, मेथी, तुलसी, धनियाँ, सिस्नु, अमला, हर्रो, बर्रो, योग, ध्यान उपासनाले परिपूर्ण छ, तर यसको खोजी तिर ध्यान छैन । चुनाव घोषणापत्रमा मासिक ५ हजारको ज्येष्ठ नागरिक भत्ताले राजनैतिक रंग लिन्छ, त्यति रकम पाइँदैन, यसमा पनि समानता छैन, कसैले ६० नपुग्दै पाउँछन्, कसैलाई ७० पुग्नु पर्छ, यही साउनदेखि साबिक रकमबाट रु. १ हजार थप्दा हात्तीको मुखमा जिरा जस्तो भएको छ । नेपाली नागरिक भनेपछि अपहेलित, गरिब र बेरोजगार नै हुनुपर्ने र यहींका नेता भनेपछि स्कूटी, गाडी, एयर एम्बुलेन्स, हेलिकप्टर, आलिशान महलकै हुनुपर्ने भएको छ । जनता डिप्रेशनमा, सिटामोल र मास्क बिहीन हुनुपर्ने, लकडाउनमा छिमेकी देशले खाद्यान्न बाँड्दा, नगद रकम बाँड्दा, यहाँ भने सडकभरि उम्लिएर नेताहरुले भाषण बाँडेको हेरिरहनु पर्ने विवशता छ । अहिलेसम्मकै उच्च व्यापार घाटा, चर्को महँगी, उच्च बेरोजगारी, खाडीमा मानिसको पलायन, उद्योग धन्दा ठप्प, चन्दा आतंक, सीमानामा चर्को समस्या, महिला हिँसा र बलात्कारमा उच्चता पछिल्ला दिनका उपहारहरु हुन् यहाँका । मिसन, भिजन र एक्सनको अभाव, विज्ञता, क्षमता र दक्षताको खडेरी, केवल सत्ता स्वार्थ र यसको अंक गणितमा लागेको छ हाम्रो लोकतन्त्र । न यहाँ निकास छ न दिगो विकास । छ केवल असारे विकास, डोजरे विकास । नैतिकताको खडेरीमा परेको लोकतन्त्रले जनताले सधैँ दूध भात मात्र खाएको देखेको छ आफूले झैं । चुच्चे नक्सा निकालेर होहल्ला गर्ने अनि त्यसैमा मौन रहने अचम्मको खेल छ यहाँ ।

राजनैतिक नारा दिएर ७ वटै प्रदेशमा औद्योगिकक्षेत्र स्थापना गर्ने भन्दै झापादेखि कन्चनपुरसम्म एकैपटक औद्योगिक पार्क र औद्योगिक क्षेत्रहरुको शिलान्यास र उद्घाटन गर्न हतारिएको सरकार ४६ सालको राजनैतिक परिवर्तन अगाडिसम्म देशमा भएका औद्योगिक्षेत्रहरुमा डेढ्लाख मानिसले रोजगारी पाएका तर अहिले ती स्थानहरुमा १० हजार जति मानिसहरुले मात्र रोजगारी पाएको विषयमा ध्यानै दिँदैन । उत्पादनमूलक उद्योगहरु कौडीको मोलमा बिकी भएका, रोजगारीका लागि खाडीतिर धकेलिएका नेपालीको विप्रेषणमा रमाएको नेपाली अर्थतन्त्रको अबस्था बारे जानकारी लिन प्रयासै हुन्न र अभ्यागत खर्चमा अर्बौ रकम, आसेपासेहरुका लागि अर्बौ अर्बका चिल्ला गाडी र हेलिकप्टर अनि जिमखाना र आलिसान महल अनि महँगा शौचालय र कार्पेटमा अनि नेताहरुको विदेशी उपचारमा व्यस्त हुन्छ । जुन देशमा रोजगारी छैन, उत्पादन छैन, सबै विदेशनिर्भर छ त्यही देशमा जनताको कर खाने सांसद, मन्त्री, प्रदेशको संख्या कति हो, केका आधारले तय भएको हो यो ? केवल भागवण्डा र राजनैतिक रोजगारी नभए के हो त ? यो लोकतन्त्रको अभिशाप होइन र ?

## सामाजिक सञ्जाल



- डा. जागेश्वर गौतम

ओमिक्रोन भेरिएन्टका संक्रमण रोक्न अन्तराष्ट्रिय बिमानस्थल र सीमा नाकामा कडाइ गर्न, परीक्षण गर्न र क्वारेन्टाइन व्यवस्थापन गर्न ढिला हुँदैछ । व्यवस्थापन राम्रो नभए डेल्टा भेरिएन्टले जस्तै रूप लिन सक्छ । समयमै ध्यान नदिए पछुताउनु मात्र हुन्छ ।




- सुर्यराज आचार्य

'यदि तपाईंको राष्ट्र सवल छैन भने घर, बंगला, बिजनेस, बैंक ब्यालेन्स, पढाई–लेखाईं केहिको काम हुने छैन ।' नेपालको राष्ट्रिय स्वार्थ माथि खेलबाड गरी दल/नेताको राजनीति सुरक्षित गर्ने घातक प्रवृत्ति उपर खबरदारी गरौं । बेलैमा सचेत बनौं । बेला घर्किए पछि पछुताउनु सिबाय केहि बाँकी रहने छैन ।



- कृष्ण अर्याल

कमरेड महेश बस्नेतले एमाले प्रवेश गर्नुहुन्छ भनी भनेका महोदय बिक्रम पाण्डे राप्रपाबाट महामन्त्रीको उम्मेदवारी दिनुभएको छ । देश चलाउने नेताजीहरू सार्वजनिक खपतको लागि मनमा लागेको बोल्ने चलनले उहाँहरूको विश्वसनीयता स्खलन हुनु मुलुक र जनताको लागि राम्रो होइन होला ।



- कृतिका थारू

हामी युवाहरूका आशा कयौँ पटक नेतृत्व गरेर असफल राष्ट्र बनाउने वृद्ध नेताहरू हुन सक्दैनन् । हामी युवाहरू आफ्ना दलहरूमा देश निर्माणको दर्शन भएका सक्षम/शिक्षित युवा नेतृत्व चाहन्छौं । तर युवाहरूमा दासत्वको मनोविज्ञान स्थापित गर्न सफल नेताहरू राष्ट्र र नेपाली युवाका निम्ति अभिशाप हुन् ।



- पञ्कज दास

एमसीसीबारे अरू दलको कुरा छोडौं । यसमा सबैभन्दा बढी द्विविधा र द्वैध चरित्र नेपाली कांग्रेसले नै देखाई रहेको छ । कांग्रेस सभापति र प्रधानमन्त्री शेरबहादुर नै यसप्रति इमान्दार छैनन् भने अरूको के कुरा गर्ने । प्रचण्डको चक्रव्यूहमा फँसेर देउवाले एमसीसीबारे अमेरिकालाई उल्लु बनाउँदै छन् ।

## विश्व



● तसलीमा नसरिन

# मलाला र नारीवाद

विश्वभर अन्यायको आवाज उठाउँदै आएकी मलालाले कश्मीरी पण्डितहरूको विस्थापनबारे कहिल्यै केही बोलिनन् । वास्तविकता यो हो कि मलाला एक परम्परावादी महिला हुन् जसलाई पश्चिमाहरूले प्रसिद्ध बनाएका छन् । त्यसैले धर्म र परम्परामा बाँधिएकी महिलाबाट योभन्दा बढी आशा गर्नु हुँदैन ।

अन्य पाकिस्तानी केटी जस्तै मलाला युसुफजाईले पनि २४ वर्षको उमेरमा बिहे गरिन् । त्यसैले अब अन्य आम श्रीमतीजस्तै उनी पनि श्रीमान् र छोराछोरीको हेरचाहमा व्यस्त हुनेछिन् । मलालाका श्रीमान पाकिस्तानी हुन् । पाकिस्तानका पुरुषहरू पुरुषतान्त्रिक माहोलमा हुर्के बढेका हुन्छन् । उनका श्रीमानले पनि उनलाई आन्दोलित भईरहन सायदै सहयोग गर्नेछन् ।

मलाला कुनै साधारण केटी होइनन्, उनी दुनियाका करोडौं केटीहरुका लागि 'आइकन' जस्तै हुन् । विश्वमा लगभग १३ करोड यस्ता केटीहरु छन् जो पढ्न र लेख्नको अवसरबाट निकै टाढा छन् । ती करोडौं केटीहरूको लागि शिक्षाको व्यवस्था गर्नु ठूलो काम हो । सामान्यतया, सम्पूर्ण जीवन खर्चिएपछि मात्रै नोबेल शान्ति पुरस्कार केहीले प्राप्त गर्न सक्छन् । तर मलाला तालिबानको गोलीबाटै चर्चित बनेकी थिइन् । मलाला युसुफजाईले ठूलो काम गर्नु अघि नै जीवनको सुरुमै नोबेल शान्ति पुरस्कार पाएकी थिइन्। यस्तो अवस्थामा मलाला आम केटीहरूको लागि शान्ति र शिक्षा स्थापना गर्ने अभियानमा जीवनभर लाग्नु उपयुक्त थियो । मलालाले शिक्षा हासिल गर्न पाएको अवसर विश्वका अधिकांश केटीले पाउँदैनन् । यस्तो अवस्थामा



मलालाले पाएको अवसरको सदुपयोग गर्नु उपयुक्त हुन्थ्यो । अहिले प्रश्न उठेको छ, के अब विश्वभरका केटीहरूले मलाला युसुफजाईबाट साँच्चै केही सिक्ने अवसर पाउँछन् त ?

पिछडिएको समाजमा बालिकाको विवाह सानै उमेरमा गरिन्छ र विवाहपछि उनीहरु श्रीमान र घरमै सीमित हुन्छन् । मलालाले आफ्नो उदाहरणले यो सामाजिक व्यवस्था परिवर्तन गर्न सक्थिन् । तर उनको बिहे र घरजम गर्ने निर्णयबाट त्यस्तो लाग्दैन । मलालाले आफू विवाह प्रणालीमा विश्वास नगर्ने र मानिसहरूले किन बिहे गर्छन् भन्ने कुरा पनि नबुझ्ने बताएकी थिइन् । यो भनेको तीन महिनामै मलालाले आफैंले विवाह गरिन् । त्यसोभए, मलालाको शब्दमा कत्तिको विश्वास गर्न सकिन्छ त ? मलालाको विवाहले महिला शिक्षाको क्षेत्रमा ठूलो आन्दोलन गर्ने अपेक्षा गर्नेहरूलाई निराश तुल्याएको हुनुपर्छ।

यद्यपि कतिपयले विवाह मलालाको व्यक्तिगत मामिला भएको भन्दै यसमा आपत्ति जनाउने अधिकार कसैलाई नहुने पनि बताएका छन् । मलालाको विवाह जबरजस्ती गरिएको पनि होइन । मलालाले आफ्नो पतिको रूपमा रोजेको मान्छे असल मान्छे हो, होइन भन्ने निष्कर्षमा अरु पुग्न आवश्यक पनि छैन् । मलालाको व्यक्तिगत जीवनमा टिप्पणी गर्न आवश्यक पनि छैन् । विवाह गरिसकेपछि पनि मलालाले महिला शिक्षाको क्षेत्रमा काम गरिरहेर आफ्ना आलोचकहरूलाई अस्वीकार गर्न सक्छिन् । मलालाले नारी शिक्षाका लागि आन्दोलित भए पनि जीवनमा प्रेम र विवाहजस्ता सम्बन्धलाई त्यागेर सन्यासीको जीवन जिउनुपर्छ भन्ने होइन । बरु श्रीमानको साथ पाए भने मलालाले आफ्नो जीवनमा ठूलो काम गर्न सक्छिन्, ठूलो उपलब्धि हासिल गर्न सक्छिन् ।

मलाला युसुफजाई भविष्यमा पाकिस्तानको प्रधानमन्त्री बन्न चाहन्छिन् भन्ने विश्वास गर्नेहरू पनि छन् । यसका लागि जति गुणहरू चाहिन्छ, मलालाले ती सबै दिईरहेकी छिन् । उदाहरणका लागि, उनी सधैं सामान्य मानिसहरूको अगाडि आफ्नो टाउको छोप्छिन्। उनी आफ्नो हरेक भाषण अल्लाहको नामबाट सुरु गर्छिन् । त्यही भएर उनले पाकिस्तानीसँग बिहे गरेका हुन् । यसैको परिणाम पाकिस्तानका परम्परावादीहरूले मलालालाई माया गर्न थालेका छन् ।

मलालाका बुबा आफैं पनि उनलाई पाकिस्तानको प्रधानमन्त्रीको रूपमा हेर्न चाहन्छन् । पाकिस्तानीहरूको जीवनमा क्रिकेटको ठूलो महत्व भएकोले मलालाले जानाजानी क्रिकेटसँग सम्बन्ध राख्ने व्यक्तिलाई आफ्नो पतिको रूपमा रोजेकी छिन् । यति मात्र होइन, मलालाले भर्खरै भएको टी-२० विश्वकपमा पाकिस्तानले भारतमाथि जित हासिल गरेकोमा पतिसँग केक पनि काटिन् ।

याद राख्नु पर्ने अर्को कुरा के छ भने विश्वभर अन्यायको आवाज उठाउँदै आएकी मलालाले कश्मीरी पण्डितहरूको विस्थापनबारे कहिल्यै केही बोलिनन् । वास्तविकता यो हो कि मलाला एक परम्परावादी महिला हुन् जसलाई पश्चिमाहरूले प्रसिद्ध बनाएका छन् । त्यसैले धर्म र परम्परामा बाँधिएकी महिलाबाट योभन्दा बढी आशा गर्नु हुँदैन । टाउको पल्लु नहटाउने बेनजिर भुट्टो पनि अन्ततः कट्टरपन्थीको गोलीको सिकार भइन् भन्ने कुरा पनि बिर्सनु हुँदैन । यस्तो अवस्थामा मलाला प्रधानमन्त्री बनिन् भने उनी फेरि तालिवानको निशानामा आउन सक्छिन् ।

जहाँसम्म मेरो चिन्ता छ, सत्य यो हो कि मलाला युसुफजाईले यति कम उमेरमा विवाह गर्ने निर्णय गर्छिन् भन्ने मैले कहिल्यै सोचेको थिइन । मलालाले अक्सफोर्डबाट स्नातक गरेकी छिन् । कतिपयले भने उनले थप अध्ययन गर्ने बताएका छन् । तर, विवाहपछि मलालाको पढाइ अघि बढ्न नसके मलाई अचम्म लाग्दैन । मलालाले भविष्यमा बुर्का लगाएर हिँड्न थालिन भने पनि मलाई अच्चम लाग्दैन् ।

*– अमर उज्यालाबाट*

# ओमिक्रोनबारे अनावश्यक हल्ला नफैलाउन डब्लुएचओको आग्रह




**काठमाडौं/एजेन्सी-** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको बारेमा अनावश्यक हल्ला फिजाइएको भन्दै चिन्ता व्यक्त गरेको छ । डब्लुएचओले कोरोना संक्रमणको अवस्था अघिल्लो वर्षको जस्तै रहेकाले सचेत हुन आग्रह गरेको छ। पछिल्ला केही दिनयता ओमिक्रोनका बारेमा भ्रामक हल्ला फिजाइएकाले यसले आम सर्वसाधारणलाई आतंकित पाएको पनि डब्लुएचओले दाबी गरेको छ ।

डब्लुएचओका शीर्ष वैज्ञानिक सौम्या स्वामीनाथले ओमिकर्न विश्वका ४० देशमा पुगिसकेकाले अनावश्यक हल्लाको पछि लाग्नुभन्दै स्वास्थका मापदण्ड पालना गर्नु उत्तम हुने बताइन्। उनले कोरोनाको नयाँ स्वरुपमा देखा परेको ओमिक्रोनविरुद्ध खोप लगाउन पनि आग्रह गरेकी छन् ।

दक्षिण अफ्रिकाबाट शुरु भएको भनिएको ओमिक्रोन अघिल्लो वर्षको कोरोनाकै परिवर्तित स्वरुप भएकाले स्वास्थ्य सावधानी अपनाउनु महत्वपूर्ण हुने डब्लुएचओको सुझाव छ। ओमिक्रोन फेला परेसँगै विश्वका विभिन्न देशले हवाइ तथा स्थल यातायातमा प्रतिवन्ध लगाउनुका साथै सार्वजनिक स्थलमा जथाभावी नजान पनि आग्रह गरेका छन् ।

त्यसैगरी अन्तर्राष्ट्रिय यात्रुहरुलाई यात्रा गर्नु भन्दा एक दिनअघि कोरोना परीक्षण गर्न पनि विभिन्न देशले आग्रह गरेका छन् । भारतमा पनि दुई जनामा ओमिक्रोन संक्रमित फेला परेको समाचारमा जनाइएको छ ।

यसैबीच बेलायतमा पछिल्ला दिनहरुमा कोरोना संक्रमितको संख्या बढ्ने क्रम जारी छ। करिब ३० वटा मुलुकमा फैलिएको नयाँ भाइरस ओमिक्रोनलाई नियन्त्रण गर्न सरकारलाई थप कडा प्रतिबन्ध गर्न दवाव आएको छ। आगामी डिसेम्बर २० अगाडि सरकारले प्रतिवन्ध सम्बन्धि नियमलाई पुनर्विचार गर्ने तयारी गरिरहेको अधिकारीहरुले बताएका छन् । बेलायतमा हालसम्म ४२ जनामा नयाँ भाइरस 'ओमिक्रोन' संक्रमणको पुष्टि भइसकेको छ ।

पछिल्लो दुई दिनयता दैनिक संक्रमितको संख्या ५० हजार माथी रहेको छ । 'डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोशल केयर' ले सार्वजनिक गरेको शुक्रबारको तथ्यांकअनुसार पछिल्लो २४ घन्टामा ५० हजार ५८४ नयाँ संक्रमित फेला परेका छन् । अघिल्लो दिन संक्रमित संख्या करिब ५४ हजार रहेको थियो । यससंगै बेलायतमा कुल संक्रमितको संख्या एक करोड ३७ लाख ९ हजार ६४७ पुगेको छ।

यसैगरी कोरोनाका कारण बितेको २४ घन्टामा १४३ जनाको गएको स्वास्थ्य विभागले जनाएको छ। पछिल्लो एकसातामा बेलायतमा ८३१ जना संक्रमितको ज्यान गएको छ । यससंगै बेलायतमा हालसम्म कोरोनाका कारण ज्यान गुमाउनेको संख्या एक लाख ४५ हजार ४२४ पुगेको छ ।

बेलायतमा अहिले ३३.८ प्रतिशतले कोरोनाविरुद्धको खोपको तेस्रो अर्थात बुस्टर डोज लगाइसकेको सरकारी तथ्यांकमा उल्लेख छ । पछिल्लो नयाँ भाइरस ओमिक्रोनको संक्रमण देखा परेपछि बेलायत सरकारले बुस्टर डोजलाई थप तीव्रता दिएको छ । बुस्टर डोज नयाँ भाइरसको लागि पनि प्रभावकारी हुने बीबीसीले जनाएको छ ।

बेलायतमा हालसम्म एक करोड ९४ लाख ३६ हजार ८८५ जनाले बुस्टर डोज लिइसकेका छन् । दैनिक ४ लाख भन्दा बढीले उक्त खोप लिइरहेको सरकारी तथ्यांकमा उल्लेख छ । यसैगरी पाँच करोड १० लाख ४६ हजार १३३ जना अर्थात ८८.८ प्रतिशतले खोपको पहिलो डोज र ४ करोड ६४ लाख ६२ हजार ६३८ जना अर्थात ८०.८ प्रतिशतले खोपको दोस्रो डोज लगाइसकेको तथ्यांकमा उल्लेख छ ।



# तालिबानद्वारा महिला अधिकारको रक्षाका लागि निर्देशिका जारी

**काठमाडौं/एजेन्सी-** अफगानिस्तानमा सत्ता सञ्चालन गरिरहेका तालिबानहरुले महिलाको अधिकारको रक्षा गर्ने जनाएका छन् । उनीहरुले महिला अधिकारको रक्षा गर्न नसकेको भनेर विश्वमा नै आलोचना भइरहेका बेला यस्तो प्रतिबद्धता सार्वजनिक गरेका हुन् ।

त्यहाँका सर्वोच्च नेताले सो अधिकारको रक्षाका लागि भन्दै निर्देशिका जारी गरेका हुन् । शुक्रबार त्यहाँको तालिबान सरकारका सर्वोच्च नेता हैबतुल्लाह अखुन्जादाले सो निर्देशिका जारी गरेका छन् । उक्त निर्देशिकामा महिलालाई स्वतन्त्रता दिइएको बताइएको छ। उनीहरुले विद्यालय जान पाउने र बिवाहका क्रममा पनि महिलामाथि कुनै दबाब दिन नपाइने बताइएको छ ।

त्यसैगरी महिलालाई उनीहरुका अधिकारमा जबर्जस्ती गर्न नपाइने बताइएको छ । एकल महिलाले पनि आफ्नो इच्छा बमोजिम विवाह गर्न पाउने कुरा पनि सो कानुनमा जनाइएको छ । त्यसैगरी कुनै पनि व्यक्तिले एकभन्दा बढी श्रीमती राखेको छ भने पनि उसले इस्लामिक कानुनअनुसारका अधिकार महिलालाई दिनुपर्ने कुरा पनि सो कानुनमा जारी गरिएको बताइएको छ ।

अफगानिस्तानमा महिला अधिकार हनन् भएका कैयौं उदाहरणहरु रहेका छन् ।अहिले तालिबानहरु सत्तामा आएपछि पनि उनीहरुले महिला र बालबालिकालाई अधिकार नदिएका र दबाब दिएका भनी विश्वव्यापी रुपमा आलोचना भएको थियो ।

## Khandbari Municipality
### Office of The Municipal Executive
Khandbari, Sankhuwasabha
Province No.1, Nepal

## Invitation for Sealed Quotation

**Second Time Date of Publication: 2078/08/19(2021 Dec. 05)**

1. ***Khandbari Municipality, Sankhuwasabha*** invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. (Not refundable) | Remark |
|---|---|---|---|---|---|
| KMO/SQN/ GOODS/07/078/079 | Procurement of Electronics Devices | 14,30,900.00 | 40,000.00 | 1,000.00 | |

2. **Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Procurement of Electronics Devices (KMO/SQN/ GOODS/07/078/079) | 45 Days after bid opening (2078-10-19) | 30 days beyond Bid Validity Period (2078-11-20) | 2078/09/05, 12:00 Hrs. | 2078-09-05, 13:00 Hrs | Electronics Bid Only. |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha
   **Name of Office:** Khandbari Municipality Office
   **Office Code Number:** 365-05-11
   **Office Account Number:** 2080100301010002 (Internal Rajaswa Account)
   **Dharauti Khata Number:** 2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Must be Required of the Authorized Letter
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


## UAE को प्रतिष्ठित कम्पनीहरूमा रोजगारको अवसर

**1. New West Zone Supermarket & Department Store L.L.C**
पुर्ब स्वीकृती मितिः २०७८/०८/१६ चलानी नं. ६०१६९४३९ LT No.: 252802

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Commercial Sales Representative | 15 | 0 | कामामा दक्ष | 1200 | ३९,३१५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Stall & Market Salesperson | 30 | 30 | | 1200 | ३९,३१५।- | | | | | | | |
| ३. | Shop Assistant | 10 | 0 | | 1200 | ३९,३१५।- | | | | | | | |
| ४. | Vegetable & Fruits Preserver | 7 | 0 | | 1200 | ३९,३१५।- | | | | | | | |
| ५. | Packer | 9 | 10 | | 1200 | ३९,३१५।- | | | | | | | |

**2. CMS Printing Press L.L.C** पुर्ब स्वीकृती मितिः २०७८/०८/१६ चलानी नं. ६०१६९४४० LT No.: 252801

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Paper Pulp Machine Operator | 4 | 0 | कामामा दक्ष | 1200 | ३९,३१५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Book Binder | 4 | 0 | | 1200 | ३९,३१५।- | | | | | | | |
| ३. | Packer | 8 | 0 | | 800 | २६,२१०।- | | | | | | | |
| ४. | Printing Press Machine Operator | 5 | 0 | | 1200 | ३९,३१५।- | | | | | | | |

**3. Gulf Shine Cleaning Services L.L.C** पुर्ब स्वीकृती मितिः २०७८/०८/१६ चलानी नं. ६०१६९४३८ LT No.: 252803

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cleaner | 5 | 10 | साधारण | 800 | २६,२१०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | नि:शुल्क |

**अन्तरवार्ता २०७८ मंसिर २६ देखि पौष १ गते सम्म (12-16 Dec. 2021) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.** (श्रम ईजाजत नं.: ५१९/०६१/०६२)
सिनामंगल काठमाण्डौ, फोन नं.: ४९८४३३९,९८६१८९२५७९,९८१३१९८४८१,९८५१०१७११०,९८०८३९९०३८



## कुवेतमा रोजगारको अवसर | कम्पनी : PIRATE CAFE FOR SNACKS CO. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९५४२ LT. No.: 252833

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. कामामा दक्ष | 180 | ७१,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cooks | 8 | 0 | | 140 | ५५,४९० | | | | | | | |
| 3. | Assistant Chef | 3 | 0 | | 130 | ५१,५२६ | | | | | | | |
| 4. | Bakers | 8 | 0 | | 140 | ५५,४९० | | | | | | | |
| 5. | Pastry Chef | 1 | 0 | | 140 | ५५,४९० | | | | | | | |
| 6. | Cleaners | 5 | 0 | | 100 | ३९,६३६ | | | | | | | |
| 7. | Light Driver | 4 | 0 | | 135 | ५३,५०९ | | | | | | | |
| 8. | Barista / Bar Tendres | 5 | 0 | | 130 | ५१,५२६ | | | | | | | |
| 9. | Hostess | 0 | 3 | | 130 | ५१,५२६ | | | | | | | |
| 10. | Accountant | 1 | 0 | | 130 | ५१,५२६ | | | | | | | |
| 11. | Social Media Handler | 1 | 0 | | 130 | ५१,५२६ | | | | | | | |
| 12. | Sales & Marketing | 1 | 0 | | 140 | ५५,४९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २६ गते (12 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, 9849476159, 9802095260
9861446622, Fax: 4383347, Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com



## साउदीमा रोजगार | कम्पनी: ABDULLAH ALI AL-RUWAI SONS GENERAL CONTRACTIN CO. शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/०५ चलानी नं.: ६०१६५००३ L.T. No.: 246770 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७८ मंसिर २६ गते (12 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PERFECT DESTINATION PVT. LTD.**
Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5260998, 5261014 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np



## बहराइन र साउदीमा रोजगारको अवसर | १. कम्पनी: ISMCO WLL शहर: BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०७/०४ चलानी नं.: ६०१६५९९३ LT. No.: 248613 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 5 | 0 | सम्बन्धित कामामा दक्ष | 120 | ३८,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 5 | 0 | | 120 | ३८,१२० | | | | | | | |
| 3. | Plumber | 5 | 0 | | 120 | ३८,१२० | | | | | | | |
| 4. | Light Diriver | 5 | 0 | | 120 | ३८,१२० | | | | | | | |
| 5. | Security Guard | 100 | 0 | | 120 | ३८,१२० | | | | | | | |
| 6. | Cleaner | 100 | 0 | | 100 | ३१,८१९ | | | | | | | |
| 7. | Gardner | 5 | 0 | | 100 | ३१,८१९ | | | | | | | |

**२. कम्पनी: DAMMAM SUBURBS CONTRACTING COMPANY शहर: SAUDI**
पूर्व स्वीकृत मितिः २०७८/०७/०४ चलानी नं.: ६०१६५९९६ LT. No.: 248514 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 35 | 0 | स. काममा दक्ष | 1500 | ४७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्षा |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २६ गते (12 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**हेभन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com
Mobile No.: 9843597709, 9823579035, 98089145695, 9841459668, 9819991602,9803931147, 9851058158, 9817746716, 9803006803

# बक्स अफिस समाचार



अभिनेत्री तथा मोडल साक्षी लम्साल पछिल्लो समय म्युजिक भिडियोमा ब्यस्त देखिँदै आइरहेकी छन् । केही फिल्ममा काम गरेकी साक्षी राम्रो ब्यानरमा प्रस्ताव आयो भने काम गर्ने बताउँछिन । धेरै फिल्ममा काम गर्नु भन्दा थोरैमा गर्ने र राम्रो ब्यानरमा काम गर्न रुचाउने साक्षीले मोडलिङको क्षेत्रमा पृथक पहिचान बनाइसकेकी छन् । छोटो समयको कलाकारिता यात्रामा साक्षीले दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा मोडलिङ गरेकी छन् । यसै क्षेत्रमा आफ्नो भविष्य बनाउने योजनाका साथ अगाडि बढ्दै गरेकी अभिनेत्री मोडल साक्षी लम्सालको पहिलो फिल्म 'स्वर्ग मेरो गाउँ' हो । ०७३ सालबाट मोडलिङसँगै कलाकारिताको क्षेत्रमा प्रवेश गरेकी साक्षी चर्चित भन्दा पनि कुशल कलाकार बन्ने सोचमा छिन् । कलाकारितामा गरेको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाले साक्षीलाई सम्मान गरेको छ । हालै रिबन इन्टरटेनमेन्टद्वारा आयोजित एक समारोहका बीच लम्साललाई चलचित्रकर्मी सम्मान प्रदान गरिएको थियो भने नेपसिने अवार्ड लगायतका सम्मानबाट सम्मानित भइसकेकी छन् । नाटक 'सातुको कथा' प्रदर्शनको क्रममा उनि थाइल्याण्ड लगायतका देशहरुको भ्रमण गरिसकेकी छन् । मोडलिङको क्षेत्रमा छुट्टै पहिचान बनाउन सफल मोडल **साक्षी लम्साल**ले **मध्यान्ह दैनिक**का लागि **सानु श्रेष्ठ**सँग गरेको संक्षिप्त कुराकानी:

# 'ग्ल्यामर क्षेत्रमा लागेको मान्छे अलि फरक देखिनुपर्छ'

**साक्षी लम्साल**, मोडल

**पछिल्लो समय के गर्दै हुनुहुन्छ ?**

म्यजिक भिडियोमा नै ब्यस्त छु । फुर्सदको समयलाई सदुपयोग गर्नका लागि राम्रा पुस्तकहरु अध्यायन गर्छु । यसैगरि चलिरहेको छ दिनचर्या ।

**भने पछि फुर्सद छैन ?**

फुर्सद भन्ने कुरा त्यस्तै हो । केही फिल्मका लागि कुरा भइरहेको छ । तर, भने जस्तो फिल्म पाएको छैन । थोरै गर्ने राम्रो ब्यानरमा काम गर्ने हो । संख्या बढाएरमात्र हुँदैन दर्शक रुचीको विषयवस्तु समेटिएको फिल्ममा काम गर्नु पर्छ भन्ने मेरो मान्यता छ । त्यसैले मेरा फिल्म धेरै छैन ।

**स्लिम देखिनु हुन्छ केका लागि ?**

मोडलिङ क्षेत्रमा काम गर्ने भएपछि आकर्षक देखिनु पर्छ । अर्को कुरा शरिर बनाउनुभन्दा पनि स्वास्थ्यका लागि धेरै कुराको ख्याल गर्नुपर्ने हुन्छ । फिटनेश गरेर शरिरलाई फिट राख्दा स्वास्थ्य राम्रो हुन्छ । आफ्नो ज्यानको ख्याल र मायाँ गरेकीमात्र हुँ । ग्ल्यामर क्षेत्रमा लागेको मान्छे अलि फरक देखिन परिहाल्यो नि ।

**ग्ल्यामर क्षेत्रमा कति समय बिताइसक्नुभयो ?**

आधा दशक भयो । यो आधा दशकमा दुई दर्जनभन्दा बढी म्युजिक भिडियोमा काम गरेँ । कान्तिपुर र जनता टेलिभिजनमा भिजेको समेत काम गरेको छु । सिटी एक्सप्रेस मनि ट्रान्स्फर, जगदम्बा सिनेन्ट, एनसेल, गोल्डस्टार, अमृत तेल, डिसहोम लगायत झण्डै दुई दर्जन जति महत्वपुर्ण ब्राण्डको विज्ञापनमा मोडलिङ गरिसकेको छु ।

**तपाईंले काम गर्नुभएको मध्ये मन परे को कुन हो ?**

आफूले काम गरेको हरेक भिडियो राम्रै लाग्छ । त्यही पनि भन्नुपर्दा पछिल्लो समय मैले काम गरेको शिव परियारको स्वर रहेको 'तिम्रो याद भुलाउन सराव पिएर' बोलको गीतको भिडियो मन पर्छ । जसमा चर्चित सञ्चारकर्मी नरेश भट्टराई जीले अभिनयमा साथ दिनु भएको थियो । यो भिडियोबाट अवार्ड पनि पाएको थिएँ ।

**मोडलिङको क्षेत्रमा लागेर के पाउनुभयो र के सिक्नुभयो ?**

पहिलो कुरा त साक्षी लम्साल भनेर चिनिएको छु । दोश्रो यो क्षेत्रमा सिकेर कहिल्यै पुर्णता पाउन सकिँदैन, जति काम गरेपनि सिक्दै अघि बढ्ने हो । म सकरात्मक सोचकी मान्छे हुँ । त्यसैले सकरात्मक कुरा नै सिकेकी छु ।

**कलाकारहरूको स्थिति नाजुक छ भन्छन् नि ?**

पहिलेको जस्तो छैन अहिले । धेर थोर जे जति भएपनि काम हेरेर पारिश्रमिक दिने कार्यको सुरुवात भएको छ । विगतमा चिउराको भरमा काम गरियो भन्ने कुरा अग्रजहरुबाट अझै सुन्नमा आउँछ । कलाकारिताबाट पनि बाँच्न सकिने वातावरण बनेको छ । देश, विदेश घुम्न सहज भएको छ ।

**मोडलमात्र नभएर नायिका पनि अहिले को अवस्थामा हलसम्म दर्शकलाई तान्न के गर्नु पर्ला ?**

दशैं यता न हो हलमा फिल्म चल्न थालेको । कोरोनाका कारण लामो समय हल बन्द रहे, यो बीचमा इन्टरनेट र फेशबुक जस्ता माध्यमबाट मनोरञ्जन लिने बानी परिसकेको नेपाली दर्शकहरुलाई राम्रा फिल्म हलमा लाग्ने हो भने उहाँहरु अवश्य पनि हलमा आउनु हुन्छ । हामीसँग पनि अहिले नयाँ नयाँ प्रविधिहरु छन् । त्यसलाई सदुपयोग गर्दै राम्रा, राम्रा लोकेशन, विषयवस्तु चयनमा ध्यान पुर्‍याउने हो भने नेपाली दर्शक हलसम्म पुग्न धेरै समय लाग्दैन । हलिउड र बलिउडको दाँजोमा पुग्न त समय लाग्ला तर दर्शक रुचीको चलचित्र बनाउन सक्नु पर्छ । नेपाली फिल्म हेर्ने दर्शकको कमी छैन ।

**कस्तो भूमिका मन पर्छ ?**

आफुलाई दिइएको पात्रलाई न्याय गर्न सक्नु नै वास्तविक कलाकार हुन् । कलाकार भइसके पछि यही भूमिकामात्र गर्नु पर्छ भन्ने छैन । त्यसैले आफुलाई चित्तबुझ्दो भूमिका भयो भने जस्तो सुकै भूमिका होस् काम गर्न गारो मान्दिनँ । विशेषत: चन्चले भूमिका मन पर्छ ।

**घरजमको बारेमा के विचार छ ?**



विवाहको विषयमा अहिले केही सोचेकी छैन । पहिले आफ्नो करियर निर्माण गरौं अनि विचार गर्नुपर्ला ।

**कस्तो केटा पाए घर जम गर्ने ?**

सुखी राख्ने भन्दा पनि खुसी राख्ने । मेरो कामलाई बुझ्ने र कलाकारिता मन पराउने ब्यक्ति नै मेरो जिवन साथी हुनसक्छ । सोचेको सबै कुरा नपुग्न पनि सक्छ हेरौं भविष्यले कस्तो मोड लिन्छ ।

**प्रेम प्रस्ताव कत्तिको आउँछ ?**

ग्ल्यामर क्षेत्रमा करियर बनाउँदै गरेकी भएर त्यस्ता कुरा प्रति ध्यान दिन्नँ । प्रेम प्रस्ताव र विवाह भिन्न कुरा हुन् । उमेर र क्षेत्रको हिसावले पनि प्रेम प्रस्ताव आउनुलाई स्वभाविक ठान्दछु । यो ठुलो कुरा होइन ।

# रोहित जोशी र नम्रताको रोमान्स



**काठमाडौं/मस-** एक दशकदेखि नेपाली कला क्षेत्रमा निरन्तर लागि पर्दै आइरहेका रोहित जोशी अभिनित पछिल्लो म्युजिक भिडियो सार्वजकिन भएको छ। दिपा राईको स्वर रहेको 'मेरो साथी' बोलको भिडियो सार्वजनिक भएको हो ।

दिप सागरको निर्देशक रहेको भिडियोमा अभिनेता तथा मोडल रोहित जोशीलाई नम्रता अधिकारी र दृष्टि न्यौपानेले अभिनयमा साथ दिएका छन् । अघिल्लो भिडियो हरुले जस्तै यो भिडियोले पनि दर्शकहरुको मन जित्ने कुरामा मोडल जोशी आशावादी छन्। फ्लोरिना फिल्म प्रालिको प्रस्तुति, रहेको भिडियो गजबको टिभि च्यानलबाट सार्वजनिक भएको हो ।


## महाबु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**गैडावाज, दैलेख**

## शिलबन्दी बोलपत्र आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०८/१९**

यस कार्यालयको चालु आ.व.२०७८।०७९ को स्वीकृत कर्णाली प्रदेश सरकार समपुरक अनुदान कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको निर्माण कार्य गर्न ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाको रितपूर्वकको सार्वजनिक खरिद अनुगमन कार्यालयको website centralize egp portal www.bolpatra.gov.np मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. बोलपत्र सम्वन्धी अन्य शर्तहरु र विस्तृत सूचना www.mahabumun.gov.np
२. अन्य कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचालित कानून बमोजिम हुनेछ ।
३. विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
४.बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको एन.सि.सि. बैंक महावु शाखामा रहेको खाता नं. १५२०००००२५९०१ आन्तरिक राजश्व खाता र धरौटी वापतको रकम एन.सि.सि. बैंक महावु शाखामा रहेको खाता नं. १५२००००००४०१ मा जम्मा गर्नुपर्नेछ ।

| ठे.नं | कामको विवरण | ल.ई. (भ्याट र कन्टिजेन्सी वाहेक) | जमानत रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति रसमय |
|---|---|---|---|---|---|---|---|
| MRM/NCB/works/03-078-079 | **Yekpate Lamidada Takuri Road Construction Work** | ४२,४४,९५३/८८ | १,१०,०००/- | ३०००/- | २०७८/०९/१९ कार्यालय समय भित्र | २०७८/०९/२० दिनको १२ बजे भित्र | २०७८/०९/२० दिनको २ बजे |

**भक्त बहादुर मल्ल**
**प्रमुख प्रशासकिय अधिकृत**

# संकटासँग मनाङको बराबरी, च्यासल र एनआरटीले अंक बाँडे

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर




शहीद स्मारक ए डिभिजन लिगमा मनाङ मर्स्याङ्दीले संकटा क्लबसँग बराबरी खेलेको छ। दशरथ रंगशालामा भएको खेलमा मनाङले संकटाविरुद्ध दुई दुई गोलको बराबरी खेल्यो। खेलको अन्तिममा मनाङका डिफेन्डर फ्रांकलिनले गोल गरेपछि संकटा जितको नजिक पुगेरपनि अंक बाढ्न पुग्यो।

संकटाले दुई एकको अग्रता बनाउँदा अन्तिम समयमा गोल खाँदा बराबरीमा चित्त बुझायो। त्यसोत उसले दुई पटकको अग्रता जोगाउन सकेन। अधिकांश समय गोलरहित बराबरी भएको खेलमा संकटाले ३२ औं मिनेटमा अग्रता लियो। लक्ष्यमण रुचालको फ्रिकीकमा निरज बस्नेतले आकर्षक हेड गर्दै टीमलाई अग्रता दिलाए। तर उनको अग्रता लामो समय टिकाउन भने संकटा असफल रह्यो।

तीन मिनेट नवित्दै मनाङले खेलमा बराबरी गरेको थियो। मनाङका लागि पुजन उपरकोटीको फ्रिकीकलाई ओलावाला आफिजले आकर्षक फ्लिपु गर्दिए जसलाई दयानन्द सिंहले गोलमा परिणत गरेका थिए। त्यसपछि पनि दुबै टीमले गोलका केहि सिमित अवसर सिर्जना गरेपनि गोल गर्न भने सकेन्।

पहिलो हाफ एक एक गोलको बराबरीमा सकिएको खेलको ५० औं मिनेटमा संकटाका फोफानाले डिबक्सबाट गरेको सशक्त प्रहार मनाङका गोलकिपर विशाल सुनारले उत्कृष्ट बचाउ गरे। त्यसपछि ७० औं मिनेटमा फोफानाको क्रसमा सब्सिच्युट खेलाडी उत्तम राईले हेडर गोल गर्दै टिमलाई दुई एकले अगाडि राखे।

७५ औं मिनेटमा मनाङको राम्रो अवसरमा संकटाका गोलकिपर बाधक बने। मनाङको प्रहारलाई संकटाका गोलकिपर राजाबाबुले बन्च गरेर बचाए। त्यसपछि पनि संकटाले दुई वटा राम्रो अवसर पाएको थियो भने मनाङले खेलमा फर्कनका लागि निकै दबाव दिएपनि गोल भने गर्न सकेन। तर खेलको इन्जुरी समयको अन्तिममा मनाङका डिफेन्डर फ्रांकलिनले उत्कृष्ट गोल गर्दै टिमलाई हारबाट जोगाए।

शनिबार भएको दोस्रो खेलमा एनआरटी र च्यासलले १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। प्रतियोगिताको तेस्रो खेलमा एनआरटीले २ अंक जोड्यो। यसअघि भएका दुई खेलमा एनआरटीले एक खेलमा हार र एक खेल बराबरी खेलेको थियो। च्यासलको भने ४ अंक बनाएको छ। अघिल्ला दुई मध्ये एक खेलमा जित र अर्को एक खेलमा हार भोगेको थियो। च्यासलले ४४ औ मिनेटमा रुमेश वर्तौलाको 'राइट फुटेड हाफ भलि' मार्फत अग्रता लिएको थियो। च्यासललले पाएको कर्नरमा डिफेन्डरले राम्रो क्लियर गर्न नसकेको बललाई रुमेशलले आकर्षक गोल गरे। उनको यो लगातार दोस्रो खेलमा गोल हो।

तर दोस्रो हाफमा एनआरटी खेलमा फर्कियो। सब्सटिच्युट दिपेष घलेले एनआरटीलाई बराबरीमा ल्याए। च्यासलका राजिव लोपचानले क्लियर गर्न नसकेको बललाई उनले सहज रुपमा राइट बार च्यापेर गरेको प्रहार गोलमा परिणात हुँदा एनआरटीले खेललाई १-१ को बराबरीमा ल्यायो।

त्यसअघि पहिलो हाफमा तुलनात्मक रुपमा एनआरटीले च्यासल माथि दबाब बढाएपनि खतरनाक आक्रमण भने गर्न सकेन। २१ औं मिनेटमा अशोक थापाको क्रसलाई दर्शन गुरुङले वानटच मिस गर्दा एनआर्टिले सुरुवाति गोलको मौका चुकाएको थियो। त्यसपछि पनि एनआरटीले केहि सिमित अवसर हरु बनाएपनि गोल गर्न भने सकेन।

च्यासलले भने एनआरटीविरुद्ध केहि सिमित प्रयास गरेपनि एकमात्र आक्रमण निर्णायक बन्यो। च्यासल विरुद्ध पहिलो हाफमा तुलनात्मक रुपमा एनआरटी हावि भयो। दोस्रो हाफमा दुबै टीमले गोलका प्रयास जारी राखे। ५० औं मिनेटमा कमल श्रेष्ठको फ्रिकिक अभिषेक लिम्बुले गरेको हेड टार्गेटमा नहुँदा च्यासलले दोस्रो गोलको अवसर गुमायो। ७३ औं मिनेटमा मेसोउकेले गरेको प्रहार सफल हुन नसक्दा एनआरटीले बराबरीको अवसर चुकायो। तर ७९ औं मिनेटमा दिपेष घलेले एनआरटीको संभावित हार टारे।

# सिताले हङकङमा टी-२० क्रिकेट खेल्ने



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय क्रिकेट टीमकी उपकप्तान सिता राना मगरले हङकङमा आयोजना हुने महिला टी-२० फ्रेन्चाइज खेल्ने भएकी छिन्। हङकङमा आयोजना हुने फेयर ब्रेक इन्भिटेसनल २०२२ खेल्नका लागि उनी छनोट भएको क्विन्स इभेन्टस म्यानेजम्यान्टले जनाएको छ। उनी विदेशी प्रतियोगिताका लागि छनोट हुने नेपालकी पहिलो महिला खेलाडी समेत बनिन्।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद बाट मान्यता प्राप्त महिला टी-२० क्रिकेट प्रतियोगिता भएको बताइएको छ। प्रतियोगितामा १ देखि १५ मे मा आयोजना हुने जनाइएको छ। ६ टोली सहभागि हुने प्रतियोगिताम विश्वका विभन्न देशबाट छनोट भएका महिला खेलाडीले प्रतिस्पर्धा गर्ने जनाइएको छ। जसमा चर्चित भारतीय खेलाडी हर्मप्रित कौर, पाकिस्तानकी सना मिर लगायत विश्व चर्चित खेलाडीको सहभागिता रहने छ। यद्यपि सिता राना मगरले कुन टीमबाट खेल्ने भन्ने तय भने भएको छैन। उनले कुन टीमबाट प्रतिस्पर्धा गर्ने भन्ने तय आयोजक आफैले गर्ने जनाइएको छ। नेपाली राष्ट्रिय टीमकी उपकप्तान समेत रहेकी मगरले २००७ मा नेपाली राष्ट्रिय टीममा डेब्यु गरेकी थिइन्। बाँकेबाट क्रिकेट किरअर शुरु गरेकी उनी नेपाली महिला टीमकी एक सफल खेलाडीका रुपमा रहेकी छिन्।

नेपाली क्रिकेटमा पोखरा प्रिमियर लिगको आयोजना गर्दै आएको क्विन्स इभेन्ट म्यानेजम्यान्टले अन्तराष्ट्रिय स्तरमा महिला खेलाडीको सम्बन्ध विस्तारमा भूमिका खेल्नको लागि भन्दै सिता रानामगरसँग एजेन्सीका रुपमा काम गर्ने सम्झौता गरेको छ। सिताको हङकङमा हुने प्रतियोगिताका लागि आवश्यक एजेन्सी सेवा अव क्विन्स इभेन्ट म्यानेजम्यान्टले गर्ने भएको छ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ABDULAZIZ MANSOUR AL-SANTALI BUFFET FOR SERVING MEALS शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९४७८ LT. No.: 252754

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २६ गते (12 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५३०/०६१/०६२

**Metta International Pvt. Ltd.**
मेनपावर बजार काठमाडौं, फोनः ४११२९७६, ४११२९७७, Fax.: 4112978
Email- info@mettaint.com, mettainternational@gmail.com Web.: www.mettaint.com


# लैनचौर टिम च्याम्पियन



**काठमाडौं/मस–** लैनचौर तेक्वान्दो डोजाङले गोकर्णेश्वर नगर जिल्लाव्यापी तेक्वान्दो प्रतियोगिताको उपाधि शनिबार जितेको छ। ६ स्वर्ण, ५ रजत र ५ कास्यसाथ लैनचौर समग्रमा टिम च्याम्पियन बन्यो।

गोकर्णेश्वर नगर तेक्वान्दो कमिटीको आयोजना तथा गोकर्णेश्वर नगरपालिकाको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा अल्टिमेट दोश्रो भयो। अल्टिमेटले समान ४-४ स्वर्ण र रजत हात पाऱ्यो। तेश्रो स्थानको मुलपानी तेक्वान्दो डोजाङले ३ स्वर्ण, २ रजत र ३ कास्य प्राप्त गऱ्यो। शीर्ष तीन स्थान हात पार्ने टिमले क्रमशः १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार हात पारे। जोरपाटीस्थित इस्टपोल स्कुलमा भएको प्रतियोगिताको पुरुषमा लैनचौरका सुशान्त भुजेल तथा महिलामा मैजुकुमारी तेक्वान्दो डोजाङकी शीतला बोहरा उत्कृष्ट खेलाडी घोषित भए। विजेतालाई संघीय सांसद कृष्ण राई, नेपाल तेक्वान्दो संघका सदस्य राम गिरी, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष अशोक खड्का, प्रतियोगिता संयोजक एवं आयोजक कमिटीका अध्यक्ष सोवितमान गिरीलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दुईदिने प्रतियोगितामा विभिन्न २० स्पर्धामा २ सय ५० खेलाडी सहभागी थिए।

# आर्मी र बूढानीलकण्ठ क्वाटरफाइनलमा

**काठमाडौं/मस–** आर्मी 'ए' र बूढानीलकण्ठ गोड्स 'ए' थ्री बाइ थ्री पुरुष बास्केटबल प्रतियोगितामा शनिबार क्वाटरफाइनलमा प्रवेश गरेका छन्। आर्मी समूह 'ए' को विजेता तथा बूढानीलकण्ठ सोही समूहको उपविजेता बन्दै क्वाटरफाइनलमा प्रवेश गरेका हुन्।

नेपाल बास्केटबल संघको सहयोगमा ललितपुर जिल्ला बास्केटबल संघले आयोजना गरेको प्रतियोगिताको समूह 'बी' बाट टाइम्स 'ए' विजेता र बूढानीलकण्ठ 'बी' उपविजेता तथा समूह 'सी' बाट विशाल मिलन केन्द्र विजेता र रोयल्स उपविजेता हुँदै क्वाटरफाइनलमा पुगे। त्यस्तै समूह 'डि' बाट गोल्डेनगेट 'ए' विजेता तथा कीर्तिपुर 'ए' उपविजेताका हैसियतले क्वाटरफाइनलमा स्थान सुरक्षित गर्न सफल रहे। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को सेमी कभर्डहलमा भइरहेको प्रतियोगिता आइतबार सम्पन्न हुने छ।


**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
भक्तपुर शाखा, भक्तपुर नगरपालिका, भक्तपुर
सम्पर्क फोनः ९७७-०१-६६१२१८५/८६/८३

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम श्री इन्द्र बहादुर खत्रीको नाति, मिन बहादुर खत्रीको छोरा, बागमति प्रदेश भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ४ हाल चाँगुनारायण- ०४ बस्ने ३८ वर्षको श्री नबिन खत्रीको मिति २०७७/०५/२७ (ई.सं. १२/०९/२०२०) मा मृत्यु भएकोले स्व. नबिन खत्रीकी पत्नी हाल चाँगुनारायण- ०४ बस्ने श्रीमती चन्द्रकला खत्रीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको भक्तपुर शाखा, भक्तपुर नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

CELEBRATING 24 Years of friendship for transforming lives | The Banker | The Banker | ISO 9001 Certified Bank | Care Ratings Nepal CARE-NP A (Is)

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि


# उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

### बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**पत्रिकामा सूचना प्रकाशित मितिः-२०७८-०८-१९**

१. उदयपुरगढी गाउँपालिकाको आ.व. ०७८/७९ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विधुतीय खरिद प्रक्रिया (E–bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT र PS बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/NCB/ Works/ 06-2078/79 | Road excavation and maintenance works in ward-03 (sinkaule, tamadada, sano dhungreraitima, thulodhungre, barabise, chhindrtingkhola) | २२,६३,०६३.७७ | ७०,०००.०० | ३,०००.०० | २०७८-०९-२० समयः-१२:०० बजे | २०७८-०९-२० समयः-१३:०० बजे | |
| | Sealed Quotation | | | | | | | |
| २ | URM/NCB/ Works/ 07-2078/79 | Road excavation and maintenance works in ward-02 (titribot, damaitoltiklechaur, aalekitta, aahaldada-votetar) | | ४५,०००.०० | १,०००.०० | | | **कार्यालयको नामः-** उदयपुरगढी गाउँपालिका, उदयपुरगढी -०५, उदयपुर |
| ३ | URM/NCB/ Works/ 08-2078/79 | Road excavation and maintenance works in ward-04, 06, 08 | | ४५,०००.०० | १,०००.०० | | | **बैंकको नामः-** रास्ट्रिय बाणिज्य बैंक, गाईघाट शाखा |
| ४ | URM/NCB/ Works/ 09-2078/79 | Maintenance and upgrading works of Chhapakhola Thaliya, Thapa Ghale, Kamala Punak & Mauwasi Road in ward no.05 | | ४५,०००.०० | १,०००.०० | | | **राजस्व खाता नं.:-** २०९०१००३०१०१०००५ |
| ५ | URM/NCB/ Works/ 10-2078/79 | Maintenance and upgrading works of Murmebhanjyang-Barpipalchautara-Beldada, Katike Dhamile Road in ward No.01 | | २०,०००.०० | १,०००.०० | २०७८-०९-०५ समयः-१२:०० बजे | २०७८-०९-०५ समयः-१३:०० बजे | **धरौटी खाता नं.:-** २०९०१००३०३००००५ |
| ६ | URM/NCB/ Works/ 11-2078/79 | Road maintenance and upgrading works in ward no.: -04 | | ३५,०००.०० | १,०००.०० | | | **कार्यालय कोड नं.:-** ८०१०१११०५ |
| ७ | URM/NCB/ Works/ 12-2078/79 | Maintenance and upgrading works of Road in ward no.4 & 7 | | ३५,०००.०० | १,०००.०० | | | |
| ८ | URM/NCB/ Works/ 13-2078/79 | Maintenance and upgrading Works of Adheri- Putalikhola , Balanbhanjyang-Putalikhola , Kakani- Biralitar-Hadebas in Ward no.7 | | ४०,०००.०० | १,०००.०० | | | |

**नोटः-** बोलपत्र तथा दरभाउपत्र सम्बन्धि बृस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट **www.udayapurgadhimun.gov.np** हेर्नुहुन अथवा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**



नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा कृषि क्षेत्रलाई मानिदै आएको छ । कृषि क्षेत्र अन्तर्गत दुग्ध उत्पादनले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । दुध उत्पादक किसान र उपभोक्ताबीचमा रहेर लामो समयदेखि नेपाल दुग्ध संस्थानले व्यवसायीक तथा नेतृत्वदायी भुमिका खेल्दै आएको छ । प्रस्तुत छ, नेपालको सरकारी स्वामित्वमा रहेको एक मात्र दुग्ध पदार्थ प्रशोधन तथा बिक्री गर्ने संस्था दुग्ध विकास संस्थानका महाप्रवन्धक **रुद्र प्रसाद पौडेल**सँग **मध्यान्ह राष्ट्रिय दैनिक**का सम्वाददाता **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

# 'डिडिसीको गुणस्तरमा कुनै समस्या छैन'

**रुद्र प्रसाद पौडेल**
महाप्रवन्धक, दुग्ध विकास संस्थान

> डिडिसीको उत्पादनको गुणस्तरमा कुनै समस्या छैन् । खाद्य पदार्थहरुको गुणस्तरको सम्बन्धमा खाद्य पदार्थ तथा गुण नियन्त्रण विभागले मापदण्ड निर्धारण गरेको हुन्छ । त्यसमाथि पनि डिडिसी सरकारी स्वामित्वको निकाय हो । यसले आफ्नो उत्पादनको गुणस्तरमा तल माथि गर्ने भन्ने त हामीले सोंच्न पनि सकिंदैन् ।

**कहिलेकाहीँ नेपाल दुग्ध विकास संस्थानको उत्पादनको गुणस्तरमा प्रश्न उठ्ने गरेको पाइन्छ । संस्थानको उत्पादनको गुणस्तरको विषयमा उपभोक्ताहरूलाई के भन्नुहुन्छ ?**

डिडिसीको उत्पादनको गुणस्तरमा कुनै समस्या छैन् । खाद्य पदार्थहरुको गुणस्तरको सम्बन्धमा खाद्य पदार्थ तथा गुण नियन्त्रण विभागले मापदण्ड निर्धारण गरेको हुन्छ । त्यसमाथि पनि डिडिसी सरकारी स्वामित्वको निकाय हो । यसले आफ्नो उत्पादनको गुणस्तरमा तल माथि गर्ने भन्ने त हामीले सोंच्न पनि सकिंदैन् ।

**आव ०७५/०७६ मा नाफामा रहेको संस्थान ०७६/०७७ मा घाटामा देखिएको थियो, पछिल्लो अवस्था कस्तो रहेको छ ? गत आर्थिक वर्षसम्म ठुलो मात्रामा स्टोरको अवस्थामा रहेको धुलो दुध र नौनीको संस्थानले कसरी व्यवस्थापन गर्‍यो ?**

आर्थिक अवस्थालाई हेर्दा संस्थान अहिलेपनि ०७५/०७६ कै अवस्थामा छ । संस्थान मात्रै नभएर अन्य डेरी क्षेत्रको अवस्था पनि उस्तै रहेको छ । अझैपनि संस्थागत बिक्रीको वातावरण बनेको छैन् । हामीकहाँबाट ठुलो मात्रामा बिक्री हुने होटल रेष्टुरेन्टहरु अझैपनि बिगतको हिसाबले सुचारु नभएको देखिन्छ । तर पनि अवस्थामा केही सुधार हुँदै गएको छ । अब विस्तारै सकरात्मक संकेत देखिन सुरु भएको भन्नुपर्दछ ।

यतिबेला बिक्री नभएर स्टक रहेको मात्रामा हामीसँग नौनी घिउ छैन् । चाडबाड लक्षित बिक्रीका कारण अहिले स्टक नरहेको अवस्था हो । नियमित रहनुनपर्ने झण्डै ३ सय ५० मेट्रिकटन धुलो दुध भने आजको दिनमा पनि स्टकको अवस्थामा रहेको छ । यो प्रयोगकै क्रममा छ । यो मात्रामा सामान्यतया स्टक रहनैपर्छ । धुलो दुधलाई तरल बनाउँदा बटरको प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले यतिबेला संस्थानमा बिक्री नभएर समस्याको रुपमा स्टक नरहेको अवस्था हो । बजारमा माग पनि क्रमशः बढ्दै गएको छ ।

**अहिले संस्थानको बजार नेपाली मात्रै हो की ? विदेश पनि निर्यात गर्ने गर्दछ ?**

हालको अवस्थालाई भन्नुपर्दा हाम्रो उत्पादनको बजार देशभित्र मात्रै हो । तर अघिल्लो आर्थिक वर्षमा हामीले झण्डै ६५/६६ मेट्रिकटन घ्यु जापानमा निर्यात गरेका थियौं । चालु वर्षको हिउँदमा पनि माग आउने सम्भावना रहेको छ । हामीले स्वदेशी तथा विदेशी बजार बिस्तारलाई ध्यान दिएर काम गर्ने कोशिष गरेका छौं ।



**दुध उत्पादक किसानहरूले संस्थानलाई आफ्नो उत्पादन बिक्री गर्दा सँधै उचित मुल्य नपाएको गुनासो छ । संस्थान र सरोकारवाला सबै मिलेर दुधको मुल्य वृद्धि गर्ने विषयमा छलफल भइरहेको भन्ने छ । के संस्थानले दुधको मुल्य वृद्धि गर्न खोजेको हो ?**

हामीले किसानलाई दुधको गुणस्तरको आधारमा मुल्य दिइरहेका छौं । दुधमा भएको ल्याक्टोजन र फ्याटका आधारमा किसानले दुधको मुल्य प्राप्त गर्न सक्छन् । वर्षेनी रुपमा दुधको उत्पादन लागतमा वृद्धि हुँदै गएको छ । घाँस, दाना, पराल, चोकर, ज्याला आदिको मुल्य बढिरहेको अवस्था छ । जसका कारण किसानको दुध उत्पादन लागत बढेको अवस्था छ । त्यसैले दुग्ध विकास बोर्डबाट समयानुकुल दुधको मुल्य बढाउने विषयमा पहलकदमी भएको छ । यो विषय अहिले छलफलको क्रममा नै रहेको अवस्था छ ।

**संघीयता सँगै दुध उत्पादन र किसानसँग जोडिएर काम गर्ने राज्यको तह पनि वृद्धि भएको छ । संस्थानले कसरी सहकार्य गरिरहेको छ ?**

हो । वर्तमान व्यवस्था अनुकुल हामीले स्थानिय, प्रदेश र केन्द्रिय सरकार सँग सहकार्य गरेर काम गर्ने प्रयत्न गरिरहेका छौं । जहाँ हाम्रा किसान केन्द्रहरु र आयोजना हुन्छन्, त्यहाँ केन्द्रले समन्वय गर्दिएको हुन्छ र सम्बन्धित आयोजना वा केन्द्रले पनि आफ्नो माग र आवश्यकताको आधारमा समन्वय गरेको हुन्छ । मेशिनरी सामाग्री, दुध बोक्ने ट्यांकर, कोल्डस्टोर, आदि लगाएतका विषय तथा कार्यक्रमहरुमा हामीले सहकार्य गर्दै आएका छौं । आयोजना तथा केन्द्रको स्तरोन्नतीको लागि प्रदेश र केन्द्र सरकारमा संस्थानको आवश्यकतालाई पेश गर्ने गरेका छौं ।

**राष्ट्रिय दुग्ध उत्पादन नीति २०७८ आइसकेको छ । सो नीतिको आधारमा राज्यले लिएको लक्ष्य पुरा गर्न संस्थानले के कस्ता कार्यक्रमलाई अगाडि बढाएको छ ? दुग्ध पदार्ध प्रशोधन गर्ने निकायहरूले सो नीतिका आधारमा के कस्ता सहयोग वा सहजिकरण प्राप्त गर्न सक्छन् ?**

संस्थानले आफ्नो क्षमता बढाउने, उत्पादित दुधलाई खरिद गरी त्यसको उचित बजार व्यवस्थापन गर्ने, सरकारी स्तरको रेफरेन्स डेरीको तर्फबाट गुणस्तर र मुल्य कायम गर्ने, दुधको बजार बिस्तार गर्ने, आफ्नो नेटवर्क बिस्तार गर्ने, आदि जस्ता कार्यक्रमहरुलाई संस्थानले वर्षेनी आफ्नो कार्यक्रमको रुपमा अगाडि सार्ने गरेको छ ।

राज्यले अगाडि सारेको नीतिलाई कार्यान्वयन गर्न किसानसँग सहकार्य गर्दै उत्पादन वृद्धिमा प्रोत्साहन, त्यसको प्रशोधन र बजार व्यवस्थापनका लागि संस्थानले महत्वपुर्ण भुमिका निर्वाह गर्छ । साथै संस्थानले किसान र उपभोक्ता बीचको उपयुक्त पुलको काम संस्थानले गर्छ । दुध उत्पादन पकेट क्षेत्र, करिडोर तथा केन्द्रहरुलाई थप व्यवस्थित, सुधार र बिस्तारको निमित्त सहि योजना बनाएर संस्थान अगाडि बढ्ने प्रयत्न गरिरहेको छ ।

राष्ट्रिय नीतिले देशमा प्रतिव्यक्ति दुध उत्पादन बढाउने लक्ष्य लिएको छ । त्यसको आधारमा विभिन्न तहका सरकारले दुध उत्पादन, प्रशोधन र बिक्रीको प्रवन्धमा सहयोग पुग्ने नीति तथा कार्यक्रम निर्माण गर्न सक्छन् । त्यसमा आधारित रहेर प्रसोधन तथा बिक्री वितरण गर्ने क्षेत्रलाई व्यवसायको वृद्धि गर्न सहज हुन्छ ।

# २३ वाणिज्य बैंकले गरे लाभांश घोषणा

**काठमाडौं/रासस**–नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत २६ वाणिज्य बैंकमध्ये हालसम्म २३ बैंकले गत आर्थिक वर्षको नाफाबाट लगानीकर्तालाई लाभांश दिने घोषणा गरेका छन् ।

बैंकहरुले गत आवको वितरण योग्य नाफाबाट नगद तथा बोनस शेयरका लाभांश दिने घोषणा गरेका हुन् । लाभांश घोषणा गरेका बैंकमध्ये केहीका साधारणसभा सम्पन्न भएर लाभांश वितरणको निर्णयसमेत पारित भइसकेका छन भने केही बैंक साधारणसभाको तयारीमा छन् ।

सार्वजनिक पछिल्लो तथ्याङ्कानुसार नबिल बैंकले सबैभन्दा धेरै नबिलले ३३ दशमलव ६ प्रतिशत बोनस शेयर तथा चार दशमलव चार प्रतिशत नगद गरी कूल ३८ प्रतिशत लाभांश वितरण गर्ने भएको छ । नेपाल एसबिआइ बैंकले सबैभन्दा कम ३ दशमलव ५ प्रतिशत बोनस शेयर र १ दशमलव ८१ प्रतिशत नगद गरी जम्मा ५ दशमलव ३१ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेको छ ।

हिमालयन बैंकले २१ दशमलव ३८ प्रतिशत बोनस शेयर तथा चार दशमलव ६२ प्रतिशत नगद गरेर २६ प्रतिशत लाभांश दिने भएको छ । सानिमा बैंकले १७ प्रतिशत बोनस तथा शून्य दशमलव ८९४७ प्रतिशत नगदसहित १७ दशमलव ८९४७, नेपाल बैंकले १४ प्रतिशत बोनस तथा तीन प्रतिशत नगदसहित १७ प्रतिशत, प्राइम कमर्सियल बैंकले १६ प्रतिशत बोनस तथा शून्य दशमलव ६३१३ प्रतिशत नगद गरी कूल १६ दशमलव ६३१३ प्रतिशत लाभांश दिने घोषणा गरेका छन । नेपाल इन्भेस्टमेन्ट बैंकले १२ दशमलव ६११ प्रतिशत बोनस तथा तीन दशमलव ३८९ प्रतिशत नगदसहित १६ प्रतिशत, सिटिजन्स बैंकले १२ दशमलव ९१३ बोनस तथा तीन दशमलव शून्य ८७ प्रतिशत नगद गरेर १६ प्रतिशत लाभांश वितरण गर्ने बताएका छन ।

एनएमबी बैंकले आफ्ना शेयरधनीलाई १२ दशमलव ५ प्रतिशत बोनस शेयर तथा ३ दशमलव ३ प्रतिशत नगदसहित



१५ दशमलव आठ प्रतिशत, एनआईसी एसिया बैंकले १५ प्रतिशत बोनस र शून्य दशमलव ७८९५ प्रतिशत नगद गरी १५ दशमलव ७८९५, नेपाल बङ्गलादेश बैंकले १२ प्रतिशत बोनस र तीन दशमलव पाँच प्रतिशत नगद, सिद्धार्थ बैंकले १४ दशमलव २५ बोनस र शून्य दशमलव ७५ प्रतिशत नगदसहित १५ प्रतिशत, माच्छापुच्छ्रे बैंकले १३ दशमलव तीन बोनस तथा शून्य दशमलव ७ प्रतिशत नगदसहित १४ प्रतिशत , बैंक अफ काठमाडौँले १० प्रतिशत बोनस र ४ प्रतिशत नगद गरी १४ प्रतिशत, ग्लोबल आइएमइ बैंकले १० प्रतिशत बोनस तथा ३ दशमलव ५ प्रतिशत नगदसहित १३ दशमलव ५ प्रतिशत, स्ट्याण्डर्ड चार्टड बैंकले १० प्रतिशत बोनस तथा ३ दशमलव शुन्य छ प्रतिशत नगद गरी १३ दशमलव शून्य ६ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेका छन् ।

प्रभु बैंकले १२ प्रतिशत बोनस शेयर र शून्य दशमलव ६३ प्रतिशत नगदसहित १२ दशमलव ६३ प्रतिशत लाभांश दिने भएको छ । मेगा बैंकले १० प्रतिशत बोनस तथा २ दशमलव शून्य ७ नगदसहित १२ दशमलव शून्य ७ प्रतिशत, लक्ष्मी बैंकले ८ प्रतिशत बोनस तथा तीन दशमलव ५ नगद गरेर ११ दशमलव ५ प्रतिशत, एभरेष्ट बैंकले छ प्रतिशत बोनस शेयर र ४ दशमलव ३२ प्रतिशत नगद, कुमारी बैंकले ६ प्रतिशत बोनस तथा २ दशमलव ६७ प्रतिशत नगद, नेपाल क्रेडिट एण्ड कमर्स बैंक (एनसिसि)ले ८ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४२ प्रतिशत नगद र सनराईज बैंकले ६ दशमलव ६५ प्रतिशत बोनस शेयर र शून्य दशमलव ३५ प्रतिशत नगदसहित ७ प्रतिशत लाभांश वितरण गर्ने बताएको छ ।

अब शेयरधनीलाई लाभांश वितरणको घोषणा गर्न बाँकी रहेका बैंकमा सेञ्चुरी बैंक, सिभिल बैंक र कृषि विकास बैंक छन् । घोषणा भएका लाभांश नियामकको अनुमति र साधारणसभाबाट पारित भएपछि मात्रै शेयरधनीले प्राप्त गर्छन् । लाभांश घोषणा गरेकामध्ये १४ बैंकले साधारणसभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द (बुक क्लोज)को समय तोकेकामा ११ बैंकको बुक क्लोज भइसकेको छ । बुक क्लोजको दिनसम्म कायम शेयरधनीले साधारणसभामा भाग लिन र लाभांश पाउन योग्य हुन्छन् । घोषित लाभांशमध्ये नगद लगानीकर्ताले उपलब्ध गराएको बैंक खातामा र बोनस शेयर डिम्याट खातामा सोझै जम्मा हुने व्यवस्था छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकृति सकिए जीवन सिद्धिन्छ ।
त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**